# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

घरेलु हिंसा आफ्नै घरपरिवार भित्र एक पुरुषले महिला माथि, महिलाले महिला माथि गर्ने दुर्व्यवहार हो । जुन शारीरिक, मानसिक र योनजन्य हुन सक्छन । श्रीमान्ले श्रीमतीलाई पिट्नु, सासुले बुहारीलाई यातना दिनु, दुर्व्यवहार गर्ने, खान लाउन नदिनु, धोचपेच गर्नु, धम्की वा डर त्रास दिनु, गाली गलैचा गर्नु, छोराले आमालाई घरबाट निकाल्ने, आदर नगर्ने सद्भाव नराख्ने सल्लाह नगर्ने, निर्णयमा सहभागी नगराउने, भेदभाव गर्ने आदि घरेलु हिंसामा पर्दछन् (रिजाल, २०६५) । महिला र पुरुष प्राकृतिक रूपमा जन्मदा कुनै विभेदमा रहित तरिकाले जन्मन्छन् । आज समाजमा महिलाहरु आफूले पाउने सम्पूर्ण अधिकारबाट बन्चित रहेका छन् । विश्वका आधा आकाश र आधा धर्ति ओगटेका महिलाहरु विरुद्ध विभिन्न हिंसाहरु भएको पाइन्छ । हाम्रो जस्तो परम्परावादी समाजका अग्रज महिलाहरुबाट नयाँ पिढीलाई नारी शोषणका कुराहरुलाई प्रथाको रूपमा सिकाइ रहेको छन् । जसबाट यी र हिंसाहरुले महिलाको अवस्था निकै दर्दनाक, दुःखप्रद एवंम पिडादायी बन्न पुगी रहेको छ (महिला आयोग, २०६५) ।

वर्तमान विश्व एक्काइसौ शताब्दीको संघारमा प्रवेश गरी सक्दा पनि महिलाहरु घरायसी एवं बाह्य हिंसाबाट पिडित छन् । यद्यपि महिलाहरु विरुद्ध हुने हिंसाहरुका विभिन्न स्वरूपहरु छन् । कतिपय ठाउँमा यस्ता हिंसाहरु निर्दयताको रूपमा देखिन्छन् भने कतिपय ठाउँमा शोषण, दमन र नियन्त्रण नयाँ-नयाँ जटिल अभ्यासभित्र लुकेर अदृश्य रूपमा रहेका हुन्छन् र यस्ता हिंसाहरु अचानक हुनै समाजमा दृष्टिगोचार हुन आउँछन् । तसर्थ महिलाविरुद्ध हुने हिंसा जुनसुकै प्रकारका भए पनि सामान्य तथा पुरुषबाट धर्मको आडमा महिलाहरुको हक अधिकारलाई कुण्ठित गर्ने काम भइरहेको छ । नेपालमा २०५८ को तथ्याङ्क अनुसार ५०.०४ प्रतिशत जनसंख्या ओगटेको महिलाहरुको स्थान अझै चुलोचौको घाँस दाउरामा सिमित देखिन्छ छोरा सम्पत्ती हो, छोरी नासो हो, छोरा कमाई गर्ने शक्ति हो भने,

बुहारी दासी हो भन्ने परम्परावादी सोच चिन्तन र पितृसात्तात्मक समाज हिंसाको कारक तत्व हो (केन्द्रीय तथ्याङ्क, २०५८) ।

नेपाल सरकार, INGO र NGO हरुले विकास कार्यक्रममा महिला सहभागिता, महिला परिचालनलाई अगाडि बढाएका छन् । विश्वब्यापी रूपमा ब्याप्त महिला उपरका हिंसा उन्मुलन गर्ने घोषाणा गरेको थियो । चिनको राजधानी बेइजिङ्गको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरु मध्ये महिला हिंसा तथा महिला र गरीबि महत्वपूर्ण विषयको रूपमा रहेका छन् (आचार्य, २०५८), विश्व बैंक रिपोर्ट (१९९३) अनुसार २०५ महिलाहरु जुन पुरुषहरु बसेका छन् सोही पुरुषबाट नै अनुचित ब्यवहार दुर्व्यबहार भएको पाइएको छ । त्यस्तै विभिन्न अनुसन्धानले देखाइएको अनुसार ७७ प्रतिशत भन्दा बढी घटनामा महिला तथा चेलिबेटी विरुद्धका हिंसाका दोषी परिवारको सदस्य नै भएको पाइएको छ । यस वास्तविकतालाई स्विकार गरि छैठौं योजना देखि विकासमा महिलाका लागि क्षेत्रगत कार्यक्रमहरु कार्यान्वयन र संस्थागत विकास गरिएको भएता पनि लैङ्गिक समानता कायम गर्ने काममा खासै प्रगति हुन सकेको छैन (आचार्य, २०५८) ।

महिलाहरु सामाजिक राजनैतिक र धार्मिक सत्ता आदिबाट सोषित छन् । महिला भएकै कारणले गर्दा उनीहरुले आजपनि विभेदको समना गर्नु परेको छ हिंसा पिडित भएर बस्नु परेको छ । सन् १९९८ मा संयुक्त राष्ट्र संघले मुख्य रूपमा अन्तराष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता बढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ ।

घरेलु हिंसा कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना हो । घरेलु हिंसा भित्र गालीगलौच कुटपिट तथा भावानात्मक चोट पुऱ्याउने आदि कार्य समेत पर्दछन् । हिंसा महिला, पुरुष बालबालिका जसका विरुद्ध पनि हुन सक्छन् साथै हिंसा गर्ने कार्य महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छन् । समष्टिगत रूपमा भन्नुपर्दा महिलाहरु शारीरिक, मानसिक, सामाजिक, धार्मिक, कानूनी रूपमा हिंसाका शिकार भएका हुन्छन् । महिलाहरु माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई आफ्नै घरभित्रका

सदस्यहरुबाट पनि हुने गरेको पाइन्छ । त्यसैले महिला विरुद्धको हिंसा गम्भिर मुद्दा बनेको छ (FWLD, 2059)।

महिलाहरुलाई वैवाहिक स्थितिले छोरीबाट बुहारीमा परिवर्तन गराउँछ । विवाह पश्चात् महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन आई कर्तव्य र कामको भार बढाउँछ । वैवाहिक स्थितिले नै महिलाहरुलाई पुरुष निर्भर बनाउँछ, किनभने उनीहरुको सम्पत्ति माथिको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ । पुरुषहरुलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ । त्यस्तै गरी कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितिलाई दर्शाउँछ । नेपालमा महिलाहरुको कलिलै उमेरमा विवाह गर्ने प्रचलनले प्रजनन् दर सामान्यतया बढी देखिएको छ । यसका साथै कलिलै उमेरमा गर्भवति हुनुपर्ने कारणले शिशु मृत्युदर र मातृ मृत्युदर पनि बढिरहेको छ । खासगरी सामाजिक धार्मिक परम्परा अनुसार महिलाहरुलाई चाँडो विवाह गरिदिने अर्थात् नछुने हुनुभन्दा अगाडि बिहे गरी जल खान पाए पुण्य प्राप्त गरिन्छ वा धार्मिक ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ जसले गर्दा नारीलाई कमजोर बनाइदिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई र दोस्रोमा शिक्षा र रोजगारीलाई दिइएको छ" (आचार्य, १९९७) ।

"हाम्रो मुलुक लगायत सम्पूर्ण दक्षिण एशिया क्षेत्रका देशहरुको अर्को एउटा साझा समस्या केटीहरुलाई कम उमेरमा बिहे गरिदिनु हो । स्वास्नीमान्छेको जीवनको एक र अन्तिम उद्देश्य नै विवाह गर्नु र बच्चा जन्माउनु मौ हो भन्ने मान्यता यी समाजहरुमा व्याप्त छ । तथ्यांकहरुका अनुसार यस क्षेत्रमा आधा भन्दा बढी केटीहरुको बिहे १५ देखि १९ वर्षको उमेरभित्रै भई सक्छ । जबकी अन्य विकासशिल देशहरुमा जम्मा ३९ प्रतिशत केटीहरु मात्रै यस उमेरमा विवाहित हुन्छन् । विकसित देशहरुमा यो संख्या ८ प्रतिशत मात्रै छ । विवाह गरी गएका केटीहरुलाई परिवारले पनि छिटो बच्चा जन्माउन दवाव दिन्छन् । यसबाट प्रसुति अवस्थामा प्रशस्त जटिलता पैदा हुन्छ" (शर्मा, २०५३) ।

१९९५ को JNSP, Project को अध्ययनमा ७०-८०% महिलाहरुमा रक्त अल्पता हुने कुरा उल्लेख गरिएको थियो । राष्ट्रिय योजना आयोग तथा युनिसेफले १९९५ को अध्ययनमा भने सामान्य महिला ६०% र गर्भावस्थामा ८०% रक्तअल्पता

रहेको कुरालाई प्रस्तुत गरेको थियो । युनिसेफको १९९६ सर्वेक्षणअनुसार नेपालमा प्रत्येक २ घण्टामा एक महिनाले गर्भवति वा सुत्केरीका कारण ज्यान गुमाउन बाध्य छिन् । गर्भनिरोधक सामानप्रतिको अज्ञानताले पनि महिलाको स्वास्थ्यमा नकारात्मक प्रभाव पारेको छ (अर्याल, २०५९) ।

हुन त महिला विरुद्धको हिंसामा न्यायिक पक्षमा पहल भने नभएको होइन । विश्वव्यापी रुपमा व्याप्त महिला उपरका हिंसा उन्मुलनका लागि संयुक्त राष्ट्र संघले सन् १९९३ मा नै महिला विरुद्धका हिंसा उन्मुलन गर्ने घोषणा गरेको थियो । चीनको बेइजिङको विश्व महिला सम्मेलन, सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरुमध्ये महिला र हिंसा तथा महिला र गरिबी महत्वपूर्ण विषयका रुपमा रहेका थिए । सन् १९९८ मा संयुक्त राष्ट्रसंघको commission of the status of women को बयालिसौं सेसनमा पनि सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता ल्याउने र लैङ्गिक समानताका लागि अग्रसर गराउने कार्यक्रमको सिद्धान्तमा एकमत भएका थिए । अन्तर्राष्ट्रिय सन्धि पत्र, Convention on the elimination of all forms of discrimination against women (CEDAW) को एउटा Optional protocal लाई संयुक्त राष्ट्रसंघको 6 Oct., 1996 को साधारण सभाले पारित गऱ्यो र अनुमोदनका लािग खुल्ला राखिएको छ । नेपालको सन्दर्भमा भन्नु पर्दा कुटपिट, लुटपिट, लोग्ने स्वास्नीको महल आदि जस्ता मुलुकी ऐनका महलहरुमा व्याख्या एवं व्यवस्था गरिएको छ भने मुलुकको संविधानमा पनि महिलाको समानताका सम्बन्धमा व्यवस्था भएबाट अन्तर्राष्ट्रिय जगतका साथै नेपालमै पनि महिला विरुद्धका हिंसाका लागि न्यायिक सक्रियता रहेको अनुभव सम्म त हामी पाउँछौ तर पनि नेपाली परिवेशमा भन्नु पर्दा न्यायिक सक्रियताका आधारमा पूर्ण रुपमा न्याय भने प्रदान गर्न सकिएको देखिदैन ।

## १.२ समस्याको कथन

महिला विरुद्धको हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहिनताको अन्त्य गरौं भन्ने आवाज उठाउन थालेको धेरै समय भइसकेको छ । विश्वभरिका महिलाहरु बिच हुने विभिन्न हिंसा तथा भेदभावहरु कसरी निर्मुल गर्न

सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरु भइसकेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सिमित नरहि विश्वभरि नै मुख्य समस्याको रूपमा देखापरेको छ । नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरु नै महिला विरुद्ध हिंसाको प्रतिरूप हुन् । जस्तैः बोक्सकिो आरोप लगाउने, बिरामी पर्दा डाक्टर नखोजेर धामी झाक्री माथि बढी विश्वास राख्दा झाक्रीको काम उही महिलालाई दोषारोपण गर्दछ । सबै त्यस महिला माथि खनिएर कुट्ने पिट्ने गर्न थाल्छन् । बोक्सीको आरोपमा विभिनन स्थानमा महिलाहरु लाई अमानविय कार्य हुने गरेको हत्या समेत हुने गरेको प्रस्ट घटनाहरु सुनिने गरेकोमा यस फाखेल गा.वि.स.पनि यस्ता खालका घटनाहरु घट्ने गरेका छन् । पढेलेखेका महिलाहरु समेत यस्ता कुराका माथि अझसम्म विश्वास गर्दछन् (महिला आयोग, २०६५) ।

महिला माथि हुने हिंसा भनेको प्रथमतः भ्रुण हत्या हो बालिका यस धर्तीमा जन्मनु भन्दा पहिले नै गर्भ पहिचान गरी हत्या गरिन्छ । किशोरावस्थामा महिला माथि हनेु गरेको हिंसाको रूपमा महिलाको मन्जुरी बिना विवाह गरिदिने, अनमेल विवाह शिक्षा स्वास्थ्य खानपान लगायत घरायसी काममा समते महिलाप्रति विवाह पश्चात गरिने हिंसा जस्तो वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, घरेलु हिंसा आदि भने गर्भावास्थामा भ्रुण हत्या गरिने, गर्भवती महिलाले पाउनुपर्ने उचित स्याहार संहार नपाउने, पोसिलो खानाको कमी, बढी समय काममा खट्नु पर्ने शारीरिक मानसिक याता पर्दछ । यि विभिन्न खालका महिला माथि हुने गरेका घरेलु हिंसा अन्यत्र जस्तै यस फाखेल गा.वि.स.मा पनि व्याप्त छ (न्यायका लागि आवाज, २०६०) ।

वास्तवमा महिला हिंसा एक समस्याको रूपमा संसारभरिनै रहेको पाइएको छ । त्यसैले शारीरिक यातनालाई मात्र हिंसा नमानी मानसिक, धार्मिक तथा कानूनी रूपमा भएका यातनालाई पनि हिंसा कै दायरामा राखेर अध्ययन गरिनुपर्छ । यस अध्ययनमा सोधकर्ताले क्षेत्री जातिका महिलाहरुमा हुने घरेलु हिंसा हुनुका मुख्य कारणहरुको समाजशास्त्रिय ढङ्गले अध्ययन गर्न निम्न उल्लेखित अनुसन्धान प्रश्नावलीहरुको छनोट गरी अध्ययनमा जोड दिएको छ ।

- घरेलु हिंसाबाट पिडित क्षेत्री महिलाको सामाजिक, आर्थिक, शैक्षिक, पृष्ठभूमि कस्तो रहेको छ ?
- शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता छन् ?
- हिंसा प्रति क्षेत्री महिलाहरुको धारणा के छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अनुसन्धानको मुल उद्देश्य फाखेल गा.वि.स. वडा नं. ८ बसोबास गर्ने क्षेत्री जातिका महिला प्रति हुने गरेको घरेलु हिंसा र सोको कारणहरुको बारेमा अध्ययन गर्नु हरेको छ भने यसका विशिष्ट उद्देश्यहरु भने यस प्रकार रहेका छन् ।

- घरेलु हिंसाबाट पिडित क्षेत्री महिलाको सामाजिक, आर्थिक, शैक्षिक, पृष्ठभूमि पत्ता लगाउनु ।
- शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता छन् पत्ता लगाउनु ।
- हिंसा प्रति क्षेत्री महिलाहरुको धारणा पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

महिलालाई मानसिक एवम् शारीरिक रूपमा कमजोर मानिन्छ । त्यस माथि पनि धर्म र संस्कार उनीहरुको पक्षमा न्यासँगत छैन । पितृसत्तात्मक मूल्य मान्यता एवम् सामाजिक संरचनाले गर्दा महिला अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिस्कृत भइसकेको सन्दर्भमा पनि दुःख को कुार यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोण भने परिवर्तन आउने सकेको छैन । यसैले आधा आकाश ओगटेका माहिला वर्गको उत्थान बिना विकास सम्भब छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवं जगारुक बनाउनु अति आवश्यक भइसकेको अवसथमा पनि उनीहरु प्रति गरिने हिंसात्मक ब्यवहारका कारण उनीहरुको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको महत्वलाई निम्न बुँदाहरुमा प्रस्ट्याउन सकिन्छ :

१. यो अध्ययनले अध्ययन क्षेत्रभित्र मुख्य रुपमा बसोबास गर्ने क्षेत्री महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक पक्षको स्थिति थाहा पाउनुका साथै महिलाहरु कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा थाहा पाउन सकिन्छ ।

२. यो अध्ययनबाट क्षेत्री जातिका महिलाहरु सम्बन्धी अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुलाई थप अध्ययनको लागि सहयोग हुनेछ ।

३. यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरुको शारीरिक तथा मानसिक यतना के कस्ता छन् जानकारी प्राप्त हुनेछ ।

४. यस अध्ययनबाट घलेु हिंसा पीडित समग्र महिलाहरुको बारेमा बुझ्न चाहने व्यक्ति संस्था योजना कर्ता आदिलाई सहयोग पुग्नेछ ।

५. यसले लैङ्गिक अध्ययन र महिला अध्ययनको बारेमा अध्ययन अनुसन्धान गर्नेहरुलाई प्रस्ट सहयोग पुऱ्याउने छ ।

६. यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलामा भएका समस्याहरु के कस्ता छन् जानकारी प्राप्त गर्न सकिने छ ।

७. यस अध्ययनबाट त्यस ठाउँका क्षेत्री महिलाहरुले हिंसा सहेर बसेका छन् कि आफु माथि भएका हिंसालाई सम्बन्धित कानुनी संस्थाहरुमा उजुरी गर्न जाने गरेका छन् त्यस सम्बन्धी जानकारी प्राप्त हुनेछ ।

८. यो अध्ययनबाट त्यस ठाउँका क्षेत्री महिलामा भएका घरेलु हिंसा सम्बन्धी कारणहरुको जानकारी प्राप्त हुनेछ ।

९. यस अध्ययनबाट शारीरिक यातना, यौन दुव्यवहार आदिको अवस्था कडा कारवाहीको कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन अनुगमन गर्नुपर्छ भनने कुराको जानकारी प्राप्त गर्न सकिन्छ ।

१०. यसले लैङ्गिक अध्ययन (Gender study) र महिला अध्ययन (Women study) को बारेमा अध्ययन अनुसन्धन गर्नेहरुलाई प्रशस्त सहयोग पुऱ्याउने छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

महिला विरुद्ध घरेलु हिंसा सबैभन्दा ठूलो समस्याको रुपमा रहेको छ । यसबारे विभिन्न अध्ययन अनुसन्धान भएका छन् । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (२०१४), प्रहरी प्रधान कार्यालय (२०१४), प्रधानमन्त्रीको कार्यालय (२०१४) आदिले महिला विरुद्ध भइरहेका घरेलु हिंसाको अध्ययन गरेता पनि मकवानपुर जिल्ला फाखेल गा.वि.स. वडा नं. ८ मा रहेका क्षेत्री महिलामाथि हालसम्म अध्ययन भएको हुँदा कम साक्षर र क्षेत्री जातिमा हुने गरेको घरेलु हिंसाको बारे अध्ययन गर्ने चाहना भएको हुँदा यस ठाउँम रहेको क्षेत्री महिलाहरुको अध्ययन गरिएको छ ।

Bennett (१९८३) मा कोलम्बिया युनिभरसिटी प्रेसद्वारा प्रकाशित यस पुस्तकले हिन्दु पितृप्रधान समाजमा नेपाली उच्च जात (बाहुन, क्षेत्री) महिलाहरुको सामाजिक र प्रतिकात्मक भूमिका पत्ता लगाउने उद्देश्य राखेको देखिन्छ । छोरी, दिदी, बहिनी र बुहारी पत्नी भाउजु जस्ता सामाजिक पदमा रहेर निर्वाह गरिने भूमिका जस्तै विवाह अघिका पदहरु बढी सजिला, माया, तथा उच्च भूमिकाका रहन्छन् । विवाह पछिका दिनहरु यसका ठिक विपरित छन् । महिलाले महिलालाई (सासुले बुहारीलाई) गर्ने नकारात्मक (शोषणयुक्त) व्यवहारहरुका बारेमा उल्लेख छ । उनको पुस्तकमा नेपालीमा बाहुन, क्षेत्री परिवारका महिलाहरुको अवस्थालाई देखाउन नारीकोटीका महिलाहरुको अध्ययन लैङ्गिक अवधारणाबाट गरिएको छ । यस पुस्तकको अर्को महत्वपूर्ण पक्ष स्वयं महिला भित्रै पनि विवाह पूर्व र विवाह पछि विवाह हुने राम्रो र नराम्रो हैसियत । सामाजिक मूल्याङ्कनको अवस्थालाई उठाइएको छ ।

Masson (1986) महिला शक्तिकरणले महिलालाई आत्मविश्वासी बनाउँछ । आफुसँग भएका क्षमताको प्रयोग गर्न सक्ने हैसियत पुऱ्याउँछ ।

राष्ट्रिय कार्ययोजना २०६० महिला हिंसाले महिलालाई मात्र असर नगरी उसको परिवार छिमेक समाज हुँदै सिङ्गो राष्ट्रलाई नै असर पारेको हुन्छ । जिवनको अधिकार सुनिश्चित गर्नु प्रत्येक राष्ट्रको दायित्व हो अभैः पनि महिलामाथि विभेद गर्ने खालका थुप्रै कानुनहरु हाम्रा सामु विद्यमान छन् । १९४५ मा संयुक्त

राष्ट्र संघ स्थापना हुँदै तयार भएको वडापत्रमा अन्तर्राष्ट्रिय समुदायबाट महिला र पुरुष बीच समानता एवं मानव अधिकार प्रति सम्मान कायम हुनु पर्दछ भन्ने उल्लेख छ । यसलाई सन् १९४८ को मानव अधिकारको विश्व व्यापी घोषणापत्रले अझ सक्षम तुल्यायो । महिला वर्गको सामाजिक आर्थिक एवं राजनैतिक स्थितिमा सुधार गर्ने उद्देश्यले सन् १९४६ मा संयुक्त राष्ट्र संघले महिलाको स्थिति सम्बन्धी आयोग (Commission on the status of women) को गठन गऱ्यो । वर्तमान विकासका प्रयासले यस खालको परम्परागत पितृसत्तात्मक मूल्य हटाउने प्रयास गरेको भएता पनि समाजमा विगतको लामो समयदेखि जरा गाडेर रहेको सांस्कृतिक मूल्य मान्यतालाई परिवर्तन गर्न गाह्रो भएको देखिन्छ । महिलालाई विकासको मूल धारमा समेट्न सके महिला र पुरुषबिच रहेको भेदभावहरु स्वतः हटेर जाने कुरामा दुईमत हुन सक्दैन । त्यसका लागि महिला शिक्षामा विशेष जोड दिनु पर्दछ र महिला भनेका विकासका संवाहक हुन् । भोग विलासका साधन हुन भन्ने पुरातन वादी, अतिवादी पुरुष, कुविचारलाई हटाई नारी पुरुष समान हुन भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

परम्परागत दृष्तिकोणबाट केबल बलात्कार र यौनजन्य दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रूपमा लिइन्छ । तर हिंसा भित्र धेरे कुराहरु पर्दाछन् । जवरजस्ती करणी, बालविवाह, बुहविवाह, जर्वजस्ती विवाह, बालयौन दुराचार, चेलिबेटी बेचविखन गर्भपतन, दाइदो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरु हुन् ।

सामाजिक लिङ्गभेदको आधारमा गरिने सम्पूर्ण कार्यहरु जसबाट महिलाहरु Physical/Social/Psychological रूपमा आधात पुग्छ वा डर धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हननन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जिवनका यसो गरिन्छ भने त्यो महिलाविरुद्ध हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषण, २०६०) ।

सन् १९३० मा महिलावादीको पहिलोधार विकास भयो । जहाँ अमेरिकी महिलाहरुले दासत्ताका विरुद्धमा आवाज उठाएका थिए भने, दोस्रो धार सन् १९६० को दशकमा विकास भयो यसै समयमा विभिन्न महिलावादी सिद्धान्तको विकास भयो । यस अन्तर्गगत आमूल र समाजवादी नारीवादी विश्लेषण पर्दछ । सने १९८०

को दशक पछि विकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विध्त वर्गको विकास भयो । यो धार आधुनिक महिलावादी आन्दोलनसँग सरोकारित रहेको छ । यसले समाजमा बढी दमित शोषित र मुल प्रवाहबाट बाहिरका समुदायका महिलाको अवस्थालाई अन्तर सम्बन्ध गरी महिला अधिकारका मुद्दालाई उठाउनुपर्ने र विश्वब्यापी रूपमा विकास भएको उत्पादन ब्यवस्था वितरणको परिपाटि र त्यसले समाज पारेको प्रभावका सम्बन्धमा बसेर लैङ्गिक ब्याख्या र विश्लेषण गुर्नपर्दछ भन्ने ब्याख्या यसमा पाइन्छ । साथै समाजमा महिलावादी हुने पिडाको तह पनि फरक-फरक हुने कारण, लिङ्ग संरचना भित्र बसेर समदुायका जाति, प्रजाति, लिङ्ग, अर्थब्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा बुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritze, 1996) ।

नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रूपमा मान्ने गरेको हुनाले समाज वा बारिही पक्षले हस्तक्षेप गर्नु हुँदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेका छ । परम्परागत मुल्य मान्यता, प्रचलन तथा रहनसहनबाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरु छन् । जसबाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामीण तथा शहरी क्षेत्रमा बालबालिकाहरुको विद्यालयको उपस्थितिमा ठूलो अन्तर रहेको छ । खास गरी भिन्न-भिन्न भौगोलिक क्षेत्रहरुमा केटाहरु र केटीहरुको विद्यालयको उपस्थितिमा अन्तर आएको पाइन्छ । परम्परागत देखि नै ब्यापक रूपमा समाज जरा गाडेको पितृसत्तामक सोचाई, पारिवारिक, कामको बोझ तथा महिलाहरुको सक्रिय सहभागिताको अभाव जस्ता कारणले स्थानिय तहमा सक्रिया महिलाको नेतृत्वको अभाव जस्ता स्थितिले सृजना हुन पुगेको हो (UNDP, 2001) ।

नेपाल प्रहरी अन्तर्गत स्थापना भएको महिला तथा बालबालिका सोव केन्द्रले हिंसा पिडित महिला तथा बालबालिकाको उजुरीलाई हेर्दै आएको छ । जस अन्तर्गत विगत ३ बर्ष को तथ्याङ्क हेर्दा मानब बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको संख्या आर्थिक बर्ष २०६८/०६९ मा घटेको तथ्याङ्कले देखाएको छ भने अन्य अपराधको संख्या भने वृद्धि हुँदै गएको देखिएको छ । जसमध्ये पनि घरेलु हिंसाको

उजुरीको मात्रा अत्याधिक मात्रामा वृद्धि भएको तथ्याङ्कले देखाएको छ । आर्थिक बर्ष २०६८/०६९ मा राष्ट्रिय महिला आयोगमा परेका उजुरीको प्रकृति अनुसार शारीरिक हिंसा १४८ वटा, मानसिक हिंसा ११४, आर्थिक हिंसा २ वटा र यौनजन्य हिंसा १ गरी जम्मा २०६५ रहेको छ (राष्ट्रिय महिला आयोग, २०६५) ।

आर्थिक बर्ष २०६८/०६९ मा राष्ट्रिय महिला आयोगमा परेका उजुरीको प्रकृति अनुसार शारीरिक हिंसा २ वटा र यौनजन्य हिंसा १ गरि जम्मा २६५ रहेको छ (राष्ट्रिय महिला आयोग, २०६५) ।

महिला पुनः स्थापना केन्द्र (ओरेक) नेपालले महिला हिंसाको अवस्था र यथार्थताका लागि देशभरिनै महिला हिंसाको विभिन्न संजाल समूह, संस्था र जिल्ला प्रविधिको रूपमा जिल्लामा रहनु भएका सम्पर्क व्यक्तिहरु मार्फत महिल माथि भएका हिंसाको अभिलेखिकरण गर्दै आइरहेको छ । यसरी आएका घटनाहरुलाई हेर्दा महिला माथि हुने घरेलु हिंसालाई पनि छुट्याएर हेर्ने हो भने भएजति दाइजो नल्याएकै कारण उनीहरु माथि हिंसा भएको अवस्था छ । ओरेकद्वारा हरेक बर्ष प्रकाशन गरिने अन्वेशी, बर्ष पुस्तकलाई आधार मानी हेर्दा यस बर्ष दाइजोको कारणले महिलामाथि भएको हिसाहरुमा सबैभन्दा बढी धनुषमा २६ प्रतिशत, सिराहामा २० प्रतिशत र काभ्रेमा ४ प्रतिशत भएको पाइन्छ ।

VAW (2070) ओरेक नेपालले अभिलेख गरेका र विभिन्न पत्रपत्रिका मा आएका घटनाहरुलाई हेर्दा २०७० माघ महिनामा महिला हिंसाका २०६९ वटा घटना रिपोटिङ्ग भएका छन् । रिपोटिङ्ग भएक हिंसाका घटनाहरु यसप्रकार रहेका छन् । १३६ वटा घरेलु हिंसा जसमा श्रीमान् र परिवारमा अन्य सदस्यहरुको कुटपिट, मानसिक, यातना, घर निकाला, गालीगलौच, शारीरिक यातना पर्दछन् । २४ वटा सामाजिक (जस अन्तर्गत बोक्सीको आरोपमा कुटपित बालविवाह र गाली गलौच आदि रहेका छन् । ३३ वटा बलात्कार आफन्त छिमेकी र अन्यवात ४ वटा बलात्कारको प्रयास, १९ वटा हत्या, ७ वटा हत्या भएको पाइन्छ ।

LACC (2007) का अनुसार वौद्धिक कालदेखि महिलामाथि हुँदै आएका हिंसाहरु आज २१ औं शताब्दीमा आइसक्दा पनि देशमा लिङ्गको आधारमा हुने

गरेका हिंसाहरु विद्यमान रहिरहेको सत्य एकातिर छ भने यो भन्दा अर्को चिन्ताको बिषय हो । महिलामाथि हुने हिंसाका स्वरूपहरु विकसित, सुनियोजित तथा बैज्ञानिक ढङ्गबाट वृद्धि भइरहेको छ । बेलबेलामा गरेको महिला हिंसाको अभियान, अन्तरराष्ट्रिय सन्धी सम्झौता विद्यमान कानूनमा भएका संसोधन, केही नयाँ कानूनको निर्माण वा सर्वोच्च अदालतबाट बेलाबेलामा हुने गरेका प्रगतिशिल फैसलाहरुबाट पनि महिला वर्गमा माग तथा समाजको आवश्यकतालाई समेट्ने प्रयास गरेको पाइन्छ । एकजना व्यक्तिमात्र संवेदनशील वा प्रगतिशील भएर यो देशमा कुनै वरिवर्तन हुन सक्दैनन यसको लागि सम्पूर्ण ब्यवस्थाको सोच कार्यशैलीको, संरचना योजना नीति तथा कार्यान्वनमा नै क्रान्तिकारी परिवर्तन आउन महिला हिंसा विरुद्धमा विशेष कानून बन्नुपर्दछ । कानून बनेरमात्र हुँदैन । त्यसको कार्यान्वयन गर्ने निकाय र पक्ष दुवै त्यत्तिकै सशक्त हुनुपर्दछ । त्यसका लागि घरपरिवार, सिङ्गो समाज, राज्यले महिलालाई समानताको ब्यवहार गर्नुपर्छ । जबसम्म यी कुराहरुमा समाज, व्यक्ति, नीति तथा कानून परिवर्तन हुँदैन, तबसम्म देशमा महिला उपर हुने हिंसाका कारक तत्वहरुका आमुल परिवर्तन हुन सक्दैन तवसम्म हिंसा मुक्त समाजको कल्पना गर्न सकिदैन ।

Bennett (1983) ले काठमाण्डौ देखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दु महिला र पुरुष बिच रहेको फरकपनलाई स्पष्ट पारेकी छिन् । खासगरी त्यस ठाउँका महिलाहरु प्रत्येक तहमा शोषित रहेका हुन् । सदैव पुरुषको नियन्त्रणमा रहनुपर्ने प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध, जुठो देखाउने, हिन्दु प्रवृति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथी उठ्न नसकेको पाइएको छ । पितृपधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्ता अत्यन्तै न्यून रहेको देखाइको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाविच रहेको असमानता र एउटा महिलाको विवाह अघि विवाहपछिको दुईवटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई उल्लेख गरेको छन् ।

घर शान्ती नै विश्व शान्ती आधारः दमको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं बर्दियाको गुलरिया नगरपालिका ४ का २३ बर्षिय बाबु खाने आफ्नै छोरी १६

बर्षकी शिवा हास्मीको शरीरमा पेट्रोल छर्किएर आगो लगाएका थिए (मंसिर, २५, २०६९ नागरिक) ।

मुलुकले महिला हिसा विरुद्ध १६ दिने अभियान संचालन गरिराख्दा यो अभियानलाई चुनौति दिने बुढानिलकण्ठ मन्दिर हातामा माग्न बसेका थुप्रै महिलाको प्रतिनिधित्व गर्न विवश बलात्कारबाट ति र महिलाको भविष्य कता जाँदै थियो न महिला अधिकारकर्मीलाई चाँसो थियो नत महिलाका बारेमा कदमचलाउने पत्रकारलाई नै गिद्दे दृष्टिबाला पुरुषहरुको यौन शोषणबाट आफूलाई बचाउन नसकेका र महिला त प्रतिनिधि पात्र मात्र हुन पहिचान बिनाको बाबुको छोराछोरी जन्माउनका लागि कहिले मन्दिरमो कुना तिर त कहिले सार्वजनिक पार्टीमा अरु माग्ने सरह रात विताउन बाध्य ति २ महिनाको आफू धेरैचोटी बलात्कारमा परिसकेको र प्रहरीको यसको गुनासो गर्दा सुनवाई नै नभएको गुनासो गर्दै थिए । महिलालाई सुरक्षा चाहिने रातको समयमा बासस्थान नै असुरक्षित हुँदा यो पिडा भोग्नु परेको दुवैको पिडा वा गुनासो थियो (मंसिर, २०६९ नागरिक) ।

एक बर्षको अवधिमा १ सय ५५ घरेलु हिंसाका उजुरी जिल्ला प्रहरी कार्यलायमा दर्ता भएका छन् । महिला हिंसा विरुद्धको एक महिने अभियानका क्रममा अखिल नेपाल महिला संघका पदाधिकारीसँग डिएसपी कृष्ण सिवाकोटीले उक्त जानकारी गराएका छन् (नागरिक, २०६९) ।

दाइजो नल्याएको अन्धविश्वासी कारणबाट अझै महिला पीडित छन् । प्रधानमन्त्री डा. बाबुरम भट्टाराइले भने अब यस्ता कुरा बोल्न सबै लाग्नु पर्छ महिला विरुद्ध हुने हिंसा सम्बन्धी हुने कानूनलाई संसोधन गर्न सकिने उल्लेख (नागरिक, २०६९) ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरु आफ्नै घरभित्र बेचिन्छन्, बलात्कार हुन्छन्, जवरजस्ती, देहव्यापारमा लगाईन्छन्, यौन दासको रूपमा राखिन्छन्, जवरजस्ती गर्भवती बनाईन्छन्, बालविवाह, अनमेल विवाह, बहुविवाह, विधवाप्रतिको दुव्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतकै हिंसाहरु हुन् (थपलिया, २०५८) ।

राजभण्डारी (२०५५) का अनुसार, महिलालाई गरिने गाली, बेइज्जती, पारिवारिक भेदभाव, दाइजो नल्याएका कारण गरिने भेदभाव, श्रीमानले श्रीमतिको इच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने बाध्यता, घरमा सबभन्दा पछि खानु पर्ने चलन जस्ता सम्पूर्ण कुराहरु महिला हिंसाका स्वरूपहरु हुन् । यस्ता सम्पूर्ण खाले हिंसाहरुबाट महिलाहरुको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ ।

मल्ल (२०६०) का अनुसार, यौनजन्य, दुव्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुर्व्यवहार शारीरिक मौखिक लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक यौनजन्य दुव्यवहार भित्र अनावश्यक रूपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु सुमसुम्याउनु आदि जस्ता कार्य पर्दछ भने मौखिक यौनजन्य दुव्यवहारभित्र अश्लिल वा अपमानित टिप्पणीहरु, यौनजन्य चुट्किलाहरु अप्रिय कुराकानी वा ठट्टा, लैंगिक लक्षित अपमानजनक वचनहरु, अनिच्छित यौनजन्य आमन्त्रणहरु, प्रस्तावहरु वा दवाव पर्दछ । यस्तै लिखित यौनजन्य दुव्यवहारभित्र यौनसम्बन्धी सामग्रीवितरण गर्नु, अश्लिल वा कामुक तस्वीरहरु, वस्तु वा लिखित सामग्री प्रदर्शन गर्नु आदि पर्दछ भने घुरेर हेर्ने, सुसेली बजाउने, आँखा जुधाउने, यौनजन्य अश्लिल इशारा गर्ने आचरणहरु इशाराले गर्ने यौनजन्य दुव्यवहारहरु हुन् ।

सन् २००४ का जुन महिनामा संयुक्त राष्ट्रसंघको, महिला वर्ष २०००, एक्काइसौं शताब्दीका लागि लैंगिक समानता, विकास र शान्ति, विषयको विशेष अधिवेशनको उद्घाटन समारोहमा संयुक्त राष्ट्र अमेरिकाका सेक्रेटरी जनरल कोफी अन्नानले भन्नु भएको थियो, "Violence against women is perhaps the most shameful human rights violence. Its knows no boundaries of geography culture or wealth, we can not claim making real process towards equality, development and peace." समष्टिगत रूपमा भन्नु पर्दा महिलाहरु शारीरिक, मानसिक, सामाकि, धार्मिक र कानुनी रूपमा नै हिंसाका शिकार भएका छन् । महिलाहरु माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिबाट समेत हुने गरेको पाइन्छ । सन् १९९३ को World Bank को Report का जुन देशमा भरपर्दो तथ्यांक पाइयो, त्यस अनुसार २० प्रतिशत महिलाहरु आफुलाई

जोसँग बसेका छन्, उनै पुरुषहरुबाट नै उनीहरुमाथि अनुचित व्यवहार र दुर्व्यवहार भएको पाइएको छ । अधिक घरेलु हिंसामा स्वास्नी कुट्ने बढी देखिएको छ । नेपालको सन्दर्भमा महिलाबाटै पनि महिला हिंसाको शिकार भएको पाइएको छ (MGEP, 2058) । त्यस्तै महिला विरुद्धको हिंसा गहनतम प्रश्न बनेको छ ।

श्रीमान्बाट हुने कुटपिट तथा दुर्व्यवहार सहन नसकी इटहरी न.पा. वडा नं. ७ बस्ने धर्मकान्त पन्तकी ३० वर्षाकी श्रीमती दुर्गा पन्तले आफ्नै घरकोठाको पंखामा डोरीले पासो लगाई आत्म हत्या गर्ने क्रममा डि.एस.पी. लाई सम्बोधन गरी चिठीमा लेखेकी थिईन् जड्याहा श्रीमानबाट आर्जित भै आत्महत्या गरेको आफ्ना छोराछोरी मामाघर भै बसि पढुन र आफ्ना नामको घर घडेरी आफ्ना सन्तानको नाममा व्यवस्था मिलाईदिनु । प्रेम विवाह गरेकी यी महिला रातदिन जड्याहा श्रीमानको कुटपिट सहदै आएकी थिईन् (समाचार पत्र, २०६०) ।

रेग्मी (२०००) का अनुसार, वर्तमान अवस्थामा महिलाको स्थितिबारे प्रकाश पार्ने क्रममा कुल जनसंख्याको आधा भाग ओगट्ने महिला वर्गले महिला भएकै कारणले गर्दा सामाजिक, आर्थिक, राजनैतिक असमानता भोग्नु परेको पाइनछ । नेपालको संविधानले कुनै पनि नागरिक माथि जाति, भाषा, धर्म, लिंगका आधारमा भेदभाव नगरिनें भनिएको भएता पनि महिला माथि भेदभावपूर्ण व्यवहार गर्ने कानुनी व्यवस्थाको विद्यमानता रहेको बारे चर्चा गर्दै अंशबण्डाको महलमा एक भन्दा बढी पत्नि भएमा सबै पत्निको लोग्नेको अंशमा बराबर हक लाग्ने व्यवस्था भएबाट बहुविवाहले प्रश्रय पाएको देखिन्छ भनी चर्चा गरेका छन् ।

एउटी महिलाका लागि सबैभन्दा अप्रिय नाता नै सौता हो । तर छोरा नभई स्वर्ग पुगिन्न भन्ने परम्परागत मान्यताका कारणले गर्दा महिलाबाटै पनि सौता व्यहोर्न तयार रहेको अवस्था समाजमा विद्यमान रहेको पाइन्छ । इटहरीका मानकलाल चौधरीले जेठी श्रीमतीबाट जन्मिएका तीन छोराको लगातार मृत्यु भएपछि फेरी तीन छोरी जन्मिए तब उनीबाट छोरा नहुने निष्कर्षमा पुगी श्रीमती कै मन्जुरीमा मानकलालले गुजकी देवीसँग दोस्रो विाह गरे । उनीबाट पनि लगातार चारवटा छोरी जन्मिएर छोरा नभएपछि छोरा जन्माउनैका लागि लोग्नेले तेस्रो श्रीमती ल्याएमा भित्र्याउन तयार रहेकी छिन् (देवी, २०६०) ।

छोरी बढे बिग्रिन्छ भन्ने मान्यताका कारण रामेछापको कसाइगाउँमा १४ वर्ष उमेर नपुग्दै छोरीको बिहे गरिन्छ । उचित शिक्षा र प्रचारप्रसारको अभावमा स्वास्थ्य मन्त्रालयको 'बिहेवारी २० वर्ष पारी' भन्ने नारा त्यस गाउँका लागि अर्थहिन भएको छ । मागेर विवाह गर्ने परम्परा रहेको त्यस गाउँका झन्डै ९५ प्रतिशत केटीको विवाह १३-१४ वर्षको उमेरमा हुने गरेको छ । छोरीको रजस्वला नै नहुँदै विवाह गरिदिँदा धर्म हुने अन्धविश्वासका कारण सबैले छोरीको विवाह रजस्वला नै नभइ गर्ने गरेको तथ्य उनीहरुबाट पुष्टि भएको छ (कान्तिपुर, २०६०) ।

संयुक्त राष्ट्र संघ, महिला विरुद्ध भेदभाव उन्मुलन गर्ने समिति (CEDAW, Committee) को सिफारिस नं. १९ (General Recommendation No. 19) अनुसार घरेलु हिंसा भनेको महिला विरुद्धको हिंसाको सबैभन्दा पुरानो स्वरुप हो । यो सबै किसिमको समाजमा प्रचलित छ । घरेलु हिंसाको महिलाको स्वास्थ्यलाई खतरामा पारिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव पारिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजी कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्छ (FWLD, 2059)।

समाजमा ८० प्रतिशत भन्दा बढी हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ । त्यस्ता प्रकारका हिंसामा घरायसी हिंसा, कुटपिट, प्रताडना, दाईजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेका छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा बढी महिला नै हिंसाको सिकार बन्दै गएको पाइन्छ (दाहाल, २०५८) ।

कुनै पनि कन्या, विधवा वा अर्काकी सधवा स्वास्नी मानिसमा सोह्र वर्ष मुनिकीलाई उसको मन्जुरी लिइ वा नलिइ जुनसुकै व्यहोरासँग करणी गरेपनि र सोह्र वर्ष नाघेकीको राजीखुशी बिना बेमन्जुरीले जुनसुकै तरहसँग भएपनि जोरजुलुम गरी वा डर धाक देखाई वा अनुचित प्रभावमा पारि करणी गरेको समेत जवरजस्ती करणी अर्थात् बलात्कार ठर्हछ भनी मुलुकी ऐन जबरजस्ती करणी महलमा बलात्कारको परिभाषा गरिएको छ (श्रेष्ठ, २०५०) ।

थापा (२०५८) का अनुसार, नेपालमा चेलीबेटी बेचविखन सम्बन्धी मुद्दा वार्षिक झण्डै १२० वटा मात्रै दर्ता हुने गरेको देखिन्छ । तर विभिन्न गैरसरकारी, सरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरुको आँकडा अनुसार वर्षेनी ५ देखि ७ हजार चेलीबेटी वेश्यावृत्तिको लागि विदेशी नै गरिएको छ ।

श्रेष्ठ (२००१) का अनुसार, जहाँ कानूनी राज्य हुन्छ त्यहाँ कानुन, अदालत तथा न्यायमा विश्वास गरिन्छ । तर व्यवहारिकतामा त्यो तथ्य पाउन सकिएको पाईदैन । नेपालबाट बालिका तथा महिलाको जीउ मास्ने बेच्ने कार्यका लागि भारतमा बेच विखन हुँदै आएको पाईन्छ । उक्त कार्यको रोकथामका लागि सन् १९६३ देखि नै कानुनको निर्माण भै सकेको तथा हाल उक्त कार्यको रोकथाम गर्नका लागि मुलुकी ऐन तथा जीउ मास्ने बेच्ने सम्बन्धी ऐन लागु रहेको भएता पनि अपेक्षाकृत उपलब्धी हासिल हुन नसकेको अवस्थाबाट विद्यमान कानुनी व्यवस्था प्रभावकारी नभएमा त्यस्ता व्यवस्थाबाट आशावादी हुन भने सकिदैन ।

मन्त्रिपरिषद्द्वारा जुलाई २९, १९९७ मा व्यवसायिक यौन शोषणका लागि गरिने महिला तथा बालबालिका बेचविखन विरुद्धको राष्ट्रिय कार्य योजना अनुमोदन गरियो । उक्त कार्य योजनाको प्रथम मस्यौदा अप्रिल ९८८ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा आयोजित गोष्ठीको सुझावहरुका आधारमा तयार गरिएको थियो । उक्त गोष्ठीमा सरकारी, गैरसरकारी संघ संस्था, अन्तर्राष्ट्रिय संघठन साथै संयुक्त राष्ट्र संघीय निकायका प्रतिनिधिहरुको सहभागिता थियो । यसरी सबै क्षेत्रका प्रतिनिधिहरुको सहभागितामा तयार गरिएको कार्ययोजनाले महिलाको बेचविखन नियन्त्रणका लागि राष्ट्रिय रणनीति तथा चेलीबेटी बेचविखनका विरुद्ध मुख्य कारणहरुका बारेमा जानकारी दिन्छ (ज्योति, २००२) ।

बिहावारीका क्रममा सांस्कृतिक र धार्मिक मान्यताका नाममा अभिभावकहरुले छोरी चेलीको माध्यमबाट नगदी, जिन्सी, आम्दानी गरेको कुरालाई अझै बेचविखनका रुपमा स्वीकार गरिएको छैन । यस्ता कुरालाई उठाउन खोजिए पनि यो एउटा सामाजिक परम्परा तथा धार्मिक मान्यता हो, जसलाई बेचविखन भन्न मिल्दैन भन्ने मान्यता राख्नेको संख्या पनि थुप्रै छन् । आज महिलाहरु यौन व्यवसाय, सर्कस, घरेलु कामदार, कलकारखाना र अन्य विभिन्न स्थानमा बेचिरहेका

छन् । तर बेचविखनमा परेको भन्ने बित्तिकै यौन व्यवसायका लागि बेचविखनमा परेका भन्ने र ती महिलालाई घृणा गर्ने परिपाटी हाम्रो समाजमा व्याप्त रहेको पाइन्छ (महिला, २०५८) ।

सुनसरी धरान निवासीः तामाङ्गले आफ्ना लोग्नेलाई विदेश पठाउन भनी घरधनीसँग सयकडा ५ प्रतिशतका दरले एक लाख रुपैयाँ ऋण काढेर लोग्नेलाई दिएकी थिइन् । लोग्नेले सो रकम लिई मलेसिया गए भनि हिडेकोमा करिब नौ महिला पछि लोग्नेको फोन आउँदा मलेसियाबाट फोन गरेको भनि फोन आएकोमा कलर आइडिमा झापाको फोन नम्बर आएपछि लोग्ने मलेसिया नगएको र झापा कै एक केटीसँग प्रेमविवाह गरिबसेको तथ्य श्रीमती सामु खुल्न आएपछि जेठी श्रीमतीले बहुविवाहमा कारवाहीका लागि निवेदन दिएकी थिइन् (नेपाल समाचारपत्र, २०६० वैशाख ७ गते) ।

छोरीलाई परिवारको बोझ थान्ने अबुझ परम्परा कै कारणले गर्दा सिन्धुली झाँगाझोली निवासी कृष्ण बहादुरले आफ्नी १२ वर्षीया छोरीलाई खड्का थरका एक युवकसँग भैसी लिएर साटेका छन् । भैंसी सित्तैमा दिएमा आफ्नी छोरीको विवाह ती केटासँग गरिदिने शर्तमा भैंसीसँग छोरी साटेका हुन् (स्पेसटाइम दैनिक, ०६० साल चैत्र १९ गते) ।

प्रायः जसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी कहाँ पुऱ्याउँदैनन् । किनकी प्राय त्यस्ता मुलुकहरु जहाँ महिलाको कुमारीतत्वलाई परिवारको इज्जतसँग जोडिन्छ । त्यहाँ महिलाहरुको आफ्नो बलात्कारको कुरा सार्वजनिक भएमा त्यही बलात्कारीसँग विवाह गर्न दवाव दिइन्छ (WHO, 1997)।

युएनडिपी (२०७१) अनुसार नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रुपमा मान्ने गरेको हुनाले समाज वा बाहिरी पक्षलाई हस्तक्षेप गर्नु हुँदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सबाल हो भन्ने मान्यता विद्यमान रहेको छ । परम्परागत मुल्य मान्यता तथा रहनसहनबाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासको प्रक्रियाहरु छन् । जसबाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामीण तथा

सहरी क्षेत्रमा बालबालिकाहरुको विद्यालयको क्षेत्रहरुमा केटाहरु र केटीहरुको विद्यालयको उपस्थितिमा अन्तर आएको देखिन्छ । परम्परादेखि नै व्यापक रुपमा समाजमा जरा गाडेको पितृसत्तात्मक सोचाई, पारिवारिक कामको बोझ तथा महिलाहरुको सक्रिय भूमिकाको अभाव जस्ता कारणले स्थानीय विद्यालयमा महिला शिक्षिकाको अभाव वा स्थानीय तहमा सक्रिय महिला नेतृत्वको अभाव जस्ता स्थितिले सृजना हुन पुगेको हो ।

युनिसेफ (२००६) "वंशावली छोराले मात्र कायम गर्न सक्छ भन्ने विश्वास नै छोरालाई बढी महत्व दिनुको कारण हो । गरिब होस् वा धनी, सहरिया होस् वा गाउँले छोरालाई बढी महत्व दिनुको एक मुख्य कारण कुलको संरक्षण हो । आफ्ना स्वर्गीय आमाबुबाको लागि तर्पण, पिण्ड दिने र काजक्रिया गर्ने जिम्मेवारी पुत्रमा सीमित हुन्छ । यस्ता कार्यद्वारा मात्रै स्वर्गलोक वा पितृलोकको प्राप्ति हुन सक्छ भन्ने विश्वास छ तसर्थ काजक्रिया गरेवापत छोराहरुले पैतृक धन पाउने चलन छ ।"

इन्सेक (२०१४) का अनुसार सन् २०१३ मा  महिला हिंसा उमेर समुहका आधारमा हेर्दा सबैभन्दा बढी घरेलु हिंसा २०-२४ वर्ष उमेर समूहको र सबैभन्दा कम ७२ वर्ष भन्दा माथि उमेर समूहका महिलाहरुमाथि हुने गरेको तथ्यांकबाट देखिएको छ ।

मानव अधिकार वर्षपुस्तक २०१४ अनुसार बस्तिपुर गा.वि.स. ८ का ४५ वर्षीया रुनादेवी रामलाई २०७० असार ९ गते उनका पति ५५ वर्षीय रामविलास रामले बन्चरो प्रहार गरी हत्या गरेका थिए । हत्या गरी भाग्ने क्रममा आरोपितलाई स्थानियवासीले नियन्त्रणमा लिएर सोही दिन प्रहरीलाई बझाएका थिए । जिल्ला अदालतको आदेशमा आरोपित २०७० साउन १५ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन् ।

घरेलु हिंसा कसूर तथा सजाय ऐन (२०६६) ले राष्ट्रिय महिला आयोगलाई पनि घरेलु हिंसा सम्बन्धी उजुरी सुन्ने निकायको रुपमा व्यवस्था गरे बमोजिम आयोगले यस सम्बन्धी उजुरीको निवेदन लिदै आएको छ । आयोगमा परेका विभिन्न

उजुरीहरु मध्ये घरेलु हिंसाका उजुरीहरु सबैभन्दा बढी रहेको तथ्यांकले देखाएको छ । घरेलु हिंसाका उजुरीहरु मध्ये पनि शारीरिक हिंसाबाट पीडित महिलाहरुको संख्या सबैभन्दा बढी र यौनजन्य हिंसाका उजुरीको संख्या सबैभन्दा कम रहेको तथ्यांकबाट देखिएको छ ।

त्यस्तै आमूल परिवर्तनकारी महिलावादीहरुले विश्वव्यापी रुपमा महिलाको अवमूल्यन भएको छ र पितृसत्ताका कारण सबै ठाउँमा महिलाहरु दमनमा परेका छन् भन्ने मान्यता रहेको छ भने समाजवादी महिलावादीले मार्क्सवादी बीचारधारझैं पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो यसले महिलाले भोग्नु परेको अधीनता भिन्न-भिन्न परिवेशमा कति समान छन् र कति असमान् छन् त्यसको पनि अध्ययन गरिनु पर्दछ । महिलाहरु आफै दमित हुँदा हुँदै पनि अर्काथरि महिलाले मात्रै महिलाले नै दमित गर्दछन् यो वर्गीय सोच हो जस्तै अमेरिकी समाजमा काला जातिका महिलाहरुलाई दमन गर्ने कार्यमा सेता जातिका महिलाहरु सक्रिय रुपले सहभागी भएका छन् (Haralambos, 1996)।

हिन्दू नारीहरुको अवस्था पतन हुनुमा ब्राम्हणवाद नै मुख्य कारण मानिएको छ । मनुद्वारा पतिलाई गुरु र देवतातुल्य भनी नामाकरण गरिएपछि पतिको सेवा गर्नु नै धर्म हो, स्वर्ग जान पतिको, पूजा गर्नुपर्छ भन्दै हिन्दू धर्मलाई व्याख्या गरियो । ब्राम्हणवादलाई प्रशय दिँदै जाँदा महिलाहरु आफ्नो भरणपोषणको लागि पुरुषप्रति उत्तरदायी हुनुपर्ने बाध्यताको शुरुवात भयो साथै पारिवारिक परिवेश, धार्मिक, सामाजिक, सामुदायिक यावत कार्यहरुमा पुरुषले प्रतिनिधित्व गर्न थाले र घरमूली पनि पुरुष नै हुने गर्दथे । यसबाट पनि नारीको अवस्थाको यथार्थता स्पष्ट हुन्छ फेरि आय मुलुकका पुर्खाहरुको संस्कृति पितृसत्तात्मक थियो । तिनै आर्यहरुको भारत वर्षमा प्रवेशपछि नारीहरुको सामाजिक स्थितिमा आँच आउन प्रारम्भ भयो र पितृसत्तात्मक परिवारको शुरुवातलाई निरन्तरता र बलियो बनाइयो (बराल, २०५०: १५४) ।

अतः परम्पराको नाममा हुने बालविवाह, असुरक्षित गर्भधारण र प्रसव हिनताबोध, परिवारमा लोग्ने मान्छेले विशेष गरी छोराहरुले खाइसकेपछि मात्रै बाँकी रहेको खाने चलन, प्रजनन अङ्ग सम्बन्धी रोगहरु लागे पनि उपचार विना चुपचाप

बस्ने स्थिति, बच्चा पाउने अवधिमा अपाहिज जस्तो जीवन बिताउनु पर्ने बाध्यता तथा बच्चा पाउनु जस्तो अत्यन्त स्वाभाविक र प्राकृतिक प्रक्रियाको कारण अकाल मर्नुपर्ने स्थितिबाट स्वास्नी मान्छेहरुलाई मुक्त गर्नका निम्ति उनीहरुलाई शिक्षित, चेतनशील र यी विषयमा जानकारी गराउनु आवश्यक हुन्छ (पारिवारिक जीवन शिक्षा, २०५३) ।

महिलालाई दिइने शिक्षाले ऊ आफू जन्मेको घरमा कुनै योगदान दिन नसक्ने तथा उसको शारीरिक श्रमको घरमा बढी आवश्यकता हुने हुनाले उनीहरुलाई शिक्षामा लगानी गरिँदैन । शिक्षाले शिक्षित महिलाको वयस्क जीवनमा कुनै प्रभाव नपार्ने (किनकी उसको घरभित्रको काममा समय दिनु पर्दछ), शिक्षित महिलाको विवाह महङ्गो हुने, महिलाको श्रम घरभित्र र खेतीपातिमा बढी आवश्यक हुने र गरिबीको कारणले शिक्षामा लगानी गर्न नसक्ने अवस्थाले गर्दा नै महिलालाई शिक्षा दिईदैन (आचार्य, १९९१) ।

नारी सिर्जनाकी प्रतिमूर्ति हुन्, स्रष्ट हुन् र पारिवारिक एवं सामाजिक विकासको सम्बाहक हुन् । देवता खुशी हुनु भनेको नै मानव जगत्को भलो हुनु हो । त्यसैलेत नारी जगतको सम्मान हुनुपर्ने कुरामा पक्कै पनि दुईमत नहोला, तर यस्ता विवेकपूर्ण तर्क अथवा यथार्थको व्यवहारिक उपलब्धि हुनु एवं नहुनुसँग हाम्रो सामाजिक संरचना, सांस्कृतिक पक्ष, शिक्षा र आर्थिक पक्षजस्ता कुराले प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ (मैनाली, २०६१) ।

शिक्षालाई जोड दिँदै ममता न्यौपाने लेख्छिन्- “महिलाहरुको शिक्षाले जनसंख्या वृद्धिदर नियन्त्रण गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ । प्रजनन् दर नै महिलाको शैक्षिक स्थितिमा भर पर्ने गर्दछ । त्यसकारण जनसंख्या वृद्धिदर नियन्त्रणको लागि खास ग्रामीण क्षेत्रमा शिक्षाको सुविधा उपलब्ध गराउन आवश्यक छ किनभने ग्रामीण महिलाहरु शिक्षित भई घरदेखि बाहिरको काममा पनि व्यस्त हुनाले धेरै बच्चा पाउन र हुर्काउन समय नपुग्ने हुनाले पनि कम जन्माउने गर्दछन्” (न्यौपाने, १९९५) ।

समकालिन विश्व परिदृष्टिमा नेपाली महिलाहरुको जीवनस्थितिको समीक्षा गर्ने हो भने नेपाल अधिकतम मृत्युदर हुने मध्येको एक, न्यूनतम महिला साक्षरता दर भएका मध्ये एक र निर्णय गर्ने अंगमा न्यूनतम महिला सहभागिता भएका मुलुक मध्ये एकमा पर्दछ (बेइजिङ्ग+५, २०००, पृ. ६२) ।

एक अध्ययनका अनुसार सानो उमेरमा विद्यालय पठाए पनि काम गर्ने उमेर भएपछि घरायसी कामले गर्दा विद्यालय छोड्नु पर्ने बाध्यता धेरैजसो निम्न आय वर्गका समुदायमा रहेको छ । त्यसमा पनि ठूलो उमेर भएको र विशेष गरी छोरीले नै पढाई छोड्ने गर्दछन् । यसको मूल कारण बाबु आमाले छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिइन्छन् (CERID, 2001)।

नेपालको महिला र केटाकेटीहरुको एउटा रिपोर्ट अनुसार ४० प्रतिशत महिलाहरुको १६ वर्षभन्दा पहिले नै बिहे हुन्छ (UNICEF, 1987) ।

“स्वास्नीमान्छेहरु अशिक्षित भएका कारणले र प्रत्येक आर्थिक लाभ हुने काममा संलग्न नभएका हुनाले परिवारहरुमा उनीहरुको निर्णायक भूमिका अत्यन्त न्यून छ ।”

“एउटी नेपाली महिलाको घरको हक र अधिकार उसको लोग्नेमा केन्द्रित रहेको हुन्छ । अपवादको रुपमा कुनै कुनै ठाउँमा मात्र स्वास्नीको हक हुन्छ” (Status of Women in Nepal)।

“महिलाहरुले श्रीमान्, सासु, ससुरा नभएका बखत वा गाऊँ छोडेर टाढा गएका बखतमा मात्रै निर्णय गर्दछन्” (आचार्य, १९९७) ।

“त्यसैगरी कृषि क्षेत्रमा निर्णय गर्ने क्रममा महिलाले मल बीउहरु छान्ने काममा मात्रै आफ्नो निर्णय दिने गर्दछन् । सिर्सियामा महिलाहरु १८.५% निर्णय आफै गर्दछन्” (आचार्य, १९८१) ।

“दक्षिण एशियामा हुर्कनु भनेको नै निरन्तर संघर्ष हो भने यो भू-भागमा नारी हुनु भनेको व्यक्तिमा नै नगनिनु हो । नारीहरु दक्षिण एशियामा मानव हुन पाउने हकबाटै बञ्चित छन् । थिचिएका छन् ।” जीवन जटिल छ युवतीहरुका लागि


नेपालमा घरका कामकाज र नानीहरु हुर्काउन उनीहरु जिम्मेवार छन् । तुलनात्मक रुपमा हेर्ने हो भने युवतीहरु युवाहरुभन्दा बढी कुपोषणको सिकार हुन्छन् । धेरैजसो बिरामी हुने सम्भावना पनि केटीहरुमै पाइन्छ । स्वास्थ्य शिक्षा एवं सम्पत्तिको अधिकारमा पनि उनीहरुको संलग्नता कमै मात्रामा पाइन्छ । कारण उनीहरुलाई सानैदेखि छोराको तुलनामा कम भेदभाव गरिएको हुन्छ । युवतीहरुलाई प्रायजसो कमै उमेरमा विवाह गरेर पठाइन्छ । संसारमा भएका बाल विवाहको गणनामा नेपाल अग्रपंक्तिमै आउँछ । त्यसमा पनि ७% त दश वर्षमुनिका बालिकाहरु नै हुन्छन् । यसरी नारीहरु आफ्नो जीवनलाई कुन दिशामा लाने भन्ने अधिकारबाट (विशेष गरेर गाउँघरका) सानैमा च्यूत भैसकेका हुन्छन् (सर्वोत्तम नारी, असोज २०६१) ।

उचित वातावरण र अवसरको अभावका कारण दक्षिण एशियामा राजनीतिक क्षेत्रमा महिलाको उपस्थिति न्यून गरेको एक अध्ययनदे देखाएको छ । साप इन्टरनेशलद्वारा सन् २००३ मा नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का र पाकिस्तानमा गरिएको अध्ययनले आर्थिक रुपमा परनिर्भर हुनु, हतोत्साही बनाउने खालको वातावरण हुनु र कम साक्षरताका कारण नीति निर्माण देखि नेतृत्व तहसम्म महिला पुग्न नसकेको निष्कर्ष निकालेको छ । भुटान र माल्दिभ्स बाहेकका सार्क राष्ट्रमा राजनीतिक क्षेत्रमा महिलाको उपस्थिति सम्बन्धमा गरिएको यो अध्ययनले राजनीतिमा महिलाको सहभागिता वृद्धि गराउन दलहरु कटिबद्ध हुनुपर्ने आवश्यकता औंल्याएको छ । राजनीतिदेखि नीति निर्माण तहसम्म महिलाको पहुँच पुर्‍याउन २५% देखि ३३% सम्म कोटको व्यवस्था हुनुपर्ने, मन्त्रीपरिषद्मा महिलाको उपस्थिति अनिवार्य गरिनुपर्ने, लैङ्गिक समानता, मानवअधिकार र महिलाविरुद्ध हुने हिंसा लगायतका विषयमा चेतनामूलक तालिम दिइनुपर्ने प्रतिवेदनमा उल्लेख छ (अन्नपूर्ण पोष्ट, २०६१) ।

क्षेत्री महिलाहरुमाथि हुने गरेका घरेलु हिंसा सम्बन्धी अध्ययनका क्रममा घरेलु हिंसाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय स्तरका, राष्ट्रिय स्तरका लगायत जिल्लागत रुपमा भएका हिंसाहरुलाई लिएर अध्ययन गरिएको छ । इन्सेकको क्षेत्रगत महिला हिंसाको अवस्था हेर्दा सन् २०१३ मा सबैभन्दा बढी घरेलु हिंसा

मध्यमाञ्चल विकास क्षेत्रमा र सबैभन्दा कम सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा भएको पाइयो । उमेर समुहको आधारमा हेर्दा २० देखि २४ वर्ष र ७२ वर्ष माथिका महिलाहरुमा बढी हिंसा हुने गरेको देखिन्छ । राष्ट्रिय महिला आअयोगमा परेको घरेलु हिंसाको उजुरी हेर्दा सबैभन्दा बढी घरेलु हिंसाको उजुरी ०६८/०६९ मा परेको देखिन्छ ।

**अनुसन्धानको ढाँचा**




घरेलु हिंसालाई शिक्षाले पनि प्रभाव परिरहेको पाइन्छ । शिक्षित परिवारमा र अशिक्षित परिवारमा फरक फरक हिंसा रहेको पाइन्छ । शिक्षित परिवारमा कम हिंसा भएको पाइन्छ भने अशिक्षित परिवारमा बढी हिंसा रहेको पाइन्छ एकल परिवार र संयुक्त परिवारले पनि हिंसालाई प्रमुख पारिरहेको हुन्छ । एकल परिवारमा थोरै परिवार संख्या भएको कारण कम हिंसा हुने गर्दछ भने संयुक्त परिवारमा

परिवारको संख्या ठूलो हुने भएको कारणले गर्दा परिवारका सदस्यहरु बिच विचार नमिल्ने सासु-बुहारी, नन्द आमाजु बिच झगडा कचकच हुने गर्दछ त्यसैले संयुक्त परिवारमा बढी घरेलु हिंसा रहेको पाइन्छ । यसैगरी गरिबीले गर्दा पनि हिंसा हुने गर्दछ जुन परिवार गरिब छन् त्यस परिवारमा सधै झगडा भएको पाइन्छ । त्यस परिवारमा श्रीमान श्रीमती बिच पनि सधै झगडा हुने त्यसैले गरिबीले गर्दा पनि घरेलु हिंसा हुने गर्दछ । धर्मले गर्दा पनि हिंसा हुने गर्दछ । परिवारमा एक व्यक्तिले हिन्दु धर्म अर्को व्यक्तिले इशु धर्म मान्ने भयो भने परिवारमा सधै झगडा, रडाको मच्चीने गर्दछ र त्यसले हिंसाको रुप लिन जान्छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य

अनुसन्धान कार्यलाई मुर्तरूप दिन वा अध्यन कार्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनोटको आवश्यकता पर्दछ । यस शोधको अध्ययनको क्षेत्रको रूपमा मकवानपुर जिल्लाभित्र पर्ने फाखेल गा.वि.स.को पूर्वमा काठमाडौं जिल्लाको टल्कु, डुडेचौर गा.वि.स., पश्चिममा मकवानपुर जिल्लाको चित्लाङ्ग र मार्खु गा.वि.स. उत्तरमा काठमाडौं जिल्लाको मातातिर्थ गा.वि.स. र दक्षिणमा मकवानपुर जिल्लाको कुलेखानी र सिस्नेरी गा.वि.स. पर्दछन् ।

उक्त गा.वि.स. मा क्षेत्री, बाहुन र तामाङ्गहरुको बाहुल्यता भएपनि त्यस ठाउँमा धेरैजसो महिलाहरु कृषि पेशामा संलग्न रहेको पाइन्छ किनभने त्यस ठाउँका महिलाहरु बढी रुपमा अशिक्षित भएका कारण अरु काममा जानु भन्दा कृषि पेशा नै अंगाल्नु राम्रो होला भनी कृषि पेशामा लागेको पाइन्छ र कृषि पेशाबाट उनीहरुले राम्रो आम्दानी लिइरहेको पाइन्छ । पुरुषहरु नोकरी पेशामा संलग्न रहेको पाइन्छ किनभने पुरुषहरु बढी मात्रामा शिक्षित भएका कारण नोकरी पेशामा आवद्ध भएको पाइन्छ । यस गा.वि.स. लाई वरिपरि डाँडाले ढाकिएको छ । डाडाकाँडा भएको कारण वर्षा याममा बाढी पहिरो जाने सम्भावना हुन्छ । उक्त गा.वि.स.लाई शोधकर्ताले छनोट गर्नुको पछाडि निम्न कारणहरु रहेका छन् ।

- उक्त क्षेत्रमा क्षेत्री जातिको ठुलै बसोबास भएकाले र उक्त क्षेत्रमा क्षेत्री जातिका महिलाहरुको घरपरिवार भित्र महिलाप्रति गरिने हिंसाको व्यवहारहरुको अध्ययन गर्ने रुचि भएकोले ।
- त्यस ठाउँमा बेलाबखत महिलाहरुको घरेलु हिंसा हुने खण्डहरु आमसंचार माधयमहरुमा छाइरहने भएको हुनाले ।

## ३.२ अनुसन्धान ढाँचा

अध्ययनको क्रममा वर्णनात्मक तथा अन्वेषणात्मक दुवै अध्ययन योजनाको प्रयोग गरिएको छ क्षेत्री जातिका बारेमा वर्णनात्मक किसिमले अध्ययन गर्दा यस समुदायको सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक आदि सबै पक्षको विवरण तयार गरी वर्णन गरिएको छ । क्षेत्री जातिको शिक्षा, रोजगार, स्वास्थ्य, आम्दानी आदिको बारेमा सूचना संकलन गरिएको छ जसबाट अनुसन्धान विषयको समग्र पक्षको विवरण तयार गरिएको छ । अन्वेषणात्मक अवधारणामा घरेलु हिंसामा भएका घटना प्रविधि र व्यवहार, अनुसन्धानमा नयाँ नयाँ कुराको खोजी, हिंसा पीडित महिलाहरुको समस्याको सत्य तथ्य जाँच, पीडित महिलाहरुको घटनालाई बुझ्ने र उनीहरुको गहिराइसम्म पुग्ने गरी अध्ययन गरिएको छ ।

## ३.३ समग्रता र नमुना छनोट

यस अध्ययनमा मकवानपुर जिल्ला फाखेल गा.वि.स. मा बसोबास गर्ने क्षेत्री महिलाहरुलाई समग्रतामा लिइएको छ । उक्त गा.वि.स. मा जम्मा ९ वटा वडाहरु रहेका छन् । ९ वटा वडामा कुल १०४३ घरधुरीमा ६२२८ जनसंख्या रहेका छन् । जसमा महिला ३१०९ र पुरुष ३११९ रहेको पाइन्छ । त्यस ठाउँमा महिलाको भन्दा पुरुषको संख्या बढी रहेको पाइन्छ । वडा नं. ८ मा २०० घरधुरी क्षेत्री जातिको छ । (केन्द्रिय तथ्याङ्क विभाग, २०६८) जसमा ९२ जना विवाहित क्षेत्री महिला मध्य ४० जना विवाहित महिलाहरुलाई छनोट गरिएको छ । यो उमेर समुहको महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था उनीहरुमा हुने घरेलु हिंसाको अवस्था र त्यसका कारणहरुका बारेमा समग्र अध्ययन गर्ने उद्देश्य भएका कारण, शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता छन्, हिंसाप्रति क्षेत्री महिलाहरुको धारणा र क्षेत्री महिलाहरुको ख्याल गर्दै उद्देश्यमुलक नमुना छनोट विधि (Purposive sampling method) अपनाई त्यस ठाउँको बारेमा आफुलाई जानकारी भएकोले र त्यस ठाउँमा घरेलु हिंसाहरु भइरहेकोले आफुले चिनेका घरेलु हिंसा पीडित महिला पत्ता लगाई हिंसा पीडित महिलाहरु छनोट गरिएको छ जसमा घरधुरीको सूची बनाई ४० जना महिलाहरुलाई उत्तरदाताको रुपमा लिइएको छ ।

## ३.४ तथ्यहरुको स्रोत तथा प्रकृति

यस अध्ययनको प्राथमिक र द्वितिय दुवै खाले तथ्याङ्किय स्रोत प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तरवार्ता र अवलोकन विधि अपनाई प्रमुख जानकार व्यक्तिहरुबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ भने द्वितिय स्रोतका लागि पूर्वप्रकाशित लेख पुस्तक आदिका निर्भर रही तथ्यांङ्क संकलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धान कार्यका लागि प्रश्नावलीहरुको सूचि बनाई छनोट भएका महिला घरधुरी उत्तरदाताहरुको अन्तरवार्ता लिइएको छ । प्रश्नावली तयार गर्दा अर्धसंरचित र संरचित दुवै खाले प्रश्नावली ढाँचामा तयार गरिएको छ । उत्तरदाताको अनुकुल समय मिलाई प्रत्येक घरबाट एकएक जना गरी जम्मा ४० जना महिलाहरु अन्तरवार्ता लिइएको छ । उक्त अन्तरवार्ताको लागि उत्तरदातको सामाजिक, आर्थिक, पक्ष तथा घरेलु हिंसाको स्वरूप प्रकार र हिंसाका कारण सम्बन्धी जानकारी समेटिने गरी सरल भाषामा तयार गरिएको प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.४.२ द्वितिय स्रोत

अवलोकन विधिबाट अनुसन्धान कर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्याङ्क संकलन गरिने हुँदा सो तथ्याङ्क गुणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोधनबाट सूचनादाताहरुले दिन नचाहेको तथ्यांकहरु संकलन गर्न सकिन्छ । अवलोकन गर्दा विशेषत क्षेत्री जातिको बसोबास क्षेत्र परिवारिक संरचना, सामाजिक तथा आर्थिक परिवेश, सांस्कृतिक ब्यवहार आदिलाई मध्यनजर गरिएको छ । यसैगरी अवलोकनद्वारा हिंसाबाट पिडित महिलाहरुमा देखिने शारीरिक यातनाका चिन्ह यातनाले परेको मानसिक तनाब आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गर्न जोड गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोधकार्यमा अनुसन्धान कर्ता स्वयम आफूले स्थलगत अध्ययन गरी निम्न विधिहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

अन्तरवार्ता दुई वा दुई भन्दा वढी व्यक्तिहरू आमुने सामुने बसेर निश्चित उद्देश्य र प्रश्नावलीमा केन्द्रित भई मौखिक रूपमा आवश्यक जानकारीहरू बारे दोहोरो वार्तालाप गर्ने प्रक्रियालाई अन्तरवार्ता भनिन्छ (अनुसन्धान पद्धति, २०५४) । अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागि व्यक्तिगत रूपमा अन्तर्वार्ता लिइएको छ भने अन्तर्वार्तामा सोधिएका प्रश्न संरचित र अर्ध संरचित खालका रहेका थिए । उत्तरदाताको अनुकूल समय मिलाइ अन्वर्तार्ता लिइएको छ । उक्त अन्तर्वार्ता सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि, शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा के कस्ता समानता र असमानता, हिंसाप्रति उत्तरदाता महिलाहरुको धारणा सम्बन्धी तथ्यांक संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

अध्ययनका क्रममा छनोटका पीडित पक्षबाट तथ्य संकलन गर्ने क्रममा पीडित पक्षको शारीरिक अवस्था जान्न घाउचोट, निलडाम आदिको अवलोकन तथा मानसिक अवस्थाको जानकारीका लागि प्रतिशोधको भावना, डराएको मनस्थिति, निरास आदि कस्तो अवस्थामा आएका थिए भन्ने बारे अवलोकन गरी आवश्यक तथ्यांक संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनका क्रममा लिइएका संख्यात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरी वर्णन गरिएको छ भने गुणात्मक तथ्यलाई वर्णन गरिएको छ ।

## ३.७ अनुसन्धानको सिमा

आफ्नो परम्परा रु संस्कृति अनुसार महिलाको भूमिकामा थोरै बहुत बिर्सन नहुने तथ्य भनेको नेपाल पितृसत्तात्मक पारिवारिक ढाँचा भएको राष्ट्र पनि हो । संस्कृतिमा भएको फरकपना (पृथक-पृथक संस्कृति) का कारण उनीहरूप्रति हुने

गरेका हिंसाको प्रकृतिमा पनि फरकपर्न जाने साथै महिला प्रतिको हिंसाको क्षेत्र वृहत भएका कारण गर्दा यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छ ।

- यस अध्ययनले क्षेत्री जाति बाहेक अरु जातका महिलाहरुमा हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्ने छैन ।
- विद्यार्थीको आफ्नो अध्ययनको विषयभित्र परेको एउटा विषयको रूपमा अध्ययन गरिनु पर्ने हुँदा समयको सिमितताका कारणले गर्दा पनि वृहत क्षेत्रलाई समेटी अध्ययन गर्न सकिएको छैन भने अर्थको सिमाको कारणले गर्दा पनि सिमित क्षेत्रका सबै महिलालाई अध्ययनमा समेट्न सकिएको छैन ।
- यस अध्ययनले फाखेल गा.वि.स. वडा नं. ८ का ४० जना महिलामा मात्र सीमित छन् ।
- यो अध्ययन उद्देश्य अनुसार रहेको छ ।
- यस अध्ययनमा अन्तर्वार्ता र अवलोकन विधि प्रयोग गरिएको छ ।

# अध्याय चार

# क्षेत्री महिलाको सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि

## ४.१ क्षेत्री महिलाहरुको वैवाहिक स्थिति

**तालिका १ : क्षेत्री महिलाहरुको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | संख्या |
|---|---|
| विवाहित | ३५ |
| विधुवा | ४ |
| सम्बन्ध विच्छेद | १ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका अनुसार क्षेत्री महिलाहरुको वैवाहिक स्थितिलाई हेर्दा कुल ४० जना महिलाहरु मध्ये सबैभन्दा बढी ३५ जा अर्थात् ८७.५ प्रतिशत महिलाहरु दाम्पत्य सम्बन्धमा रहेको पाइयो । यसैगरी सबैभन्दा कम १ जना सम्बन्ध विच्छेद गरी श्रीमानसँग छुट्टिएर बसेको पाइयो । श्रीमानले अर्की श्रीमती ल्याएर कोठामा बसेको र उनलाई सम्पत्ति केही नदिए पछि सम्बन्ध विच्छेद गरेर बसेको पाइयो । वैवाहिक सम्बन्धमा नै रहेका महिलाहरु पनि आफु आर्थिक रुपले सक्षम नभएकाले श्रीमानसँग छुट्टिएर बस्दा आफ्नो र बाल बच्चाको भविष्य नराम्रो हुने हुँदा हिंसा सहेर नै भए पनि दाम्पत्य सम्बन्धमा नै रहेको पाइयो । महिलाहरु विवाह गरी आफु जन्मेको घर छोडी श्रीमानको घरमा आएको हुँदा सुख दुःख जे पाए पनि श्रीमानको घरमा नै बस्नु पर्ने बाध्यताको कारण जस्तो सुकै दुःख र पीडा परेता पनि महिलारुले वैवाहिक सम्बन्धलाई तोडेर अघि बढ्न नसकेको पाइयो ।

## ४.२ क्षेत्री महिलाको शैक्षिक स्थिति

**तालिका २ : क्षेत्री महिलाको शैक्षिक स्थिति**

| शैक्षिक विवरण | संख्या |
|---|---|
| निरक्षर | १३ |
| साक्षर | १५ |
| प्राथमिक | ४ |
| निम्न माध्यमिक | १ |
| माध्यमिक | ४ |
| उच्च मा.वि. | ३ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

अध्ययनका क्रममा क्षेत्री महिलाहरुको शैक्षिक स्थितिलाई हेर्दा जम्मा ४० जना क्षेत्री महिलाहरु मध्ये १३ जना महिलाहरु निरक्षर सबैभन्दा बढी १५ जना अर्थात ३७.५ प्रतिशत महिलाहरु साक्षर भएको पाइयो । त्यसैगरी निम्न माध्यमिक, माध्यमिक र उच्च मा.वि. पढ्ने महिलाहरु क्रमशः घट्दै गएको पाइयो ।

वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा देशका ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरु मध्ये कुल जनसंख्याको ६६.५ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखाइएको छ । यसैगरी ७५.९ प्रतिशत पुरुष र ५७.७ प्रतिशत महिलाहरु साक्षर रहेको देखाइएको छ । वि.सं. २०५८ सालमा ६ वर्ष वा सोभन्दा माथिल्लो उमेरका व्यक्तिहरुको कुल साक्षरता दर ५४.१ प्रतिशतमा पुरुष साक्षरता दर ६५.५ प्रतिशत र महिला साक्षरता ४२.८ प्रतिशत रहेको थियो । यसको अर्थ १० वर्षको अवधिमा देशको कुल साक्षरता प्रतिशत बढेको अवस्थामा यस अध्ययन भने अझै पनि उच्च माध्यमिक तह र विश्वविद्यालय तहमा अध्ययन गर्ने महिलाहरु कम रहेको पाइयो ।

## ४.३ क्षेत्री महिलाहरुले अध्ययन नगर्नाका कारण सम्बन्धी विवरण

**तालिका ३ : क्षेत्री महिलाहरुले अध्ययन नगर्नाका कारण**

| अध्ययन नगर्नाका कारण | संख्या |
|---|---|
| छोरीलाई पढाउने नभएकाले | ३ |
| आर्थिक अभाव भएकोले | ४ |
| घरमा काम गर्ने मानिसको अभाव भएर | ४ |
| विद्यालय नभएर | १ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

यस अध्ययन क्षेत्रका महिलाहरुले अध्ययन नगर्नाका कारण हेर्दा सबैभन्दा बढी आथिृक अभाव र घरमा काम गर्ने मानिसको अभाव भएर भन्ने ३३.३३ प्रतिशत रहेको पाइन्छ । त्यस्तै अन्य महिलाहरुले आर्थिक अभाव, घरमा काम गर्ने मानिसको अभाव विद्यालय अभाव जस्ता समस्याले गर्दा अध्ययन नगरेको बताए । अन्य कारणबाट अध्ययन नगरेको बताउने दुई जना महिलाहरुमा एक जनाको सानै उमेरमा बुबाको मृत्यु भएको र आमाले अर्को विवाह गरेको पाइयो । एक जनालाई भने छोरीलाई पढाएर आफूले केही पाइदैन भन्दै घरपरिवारबाटै विद्यालय नपठाएको पाइयो ।

## ४.४ क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरण

**तालिका ४ : क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरण**

| शिक्षा | संख्या |
|---|---|
| निरक्षर | १२ |
| साक्षर | १३ |
| प्राथमिक तह | ७ |
| निम्न माध्यमिक विद्यालय | १ |
| माध्यमिक विद्यालय | ५ |
| उच्च माध्यमिक विद्यालय | २ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक विवरणलाई देखाइएको छ । ४० जना क्षेत्री महिलाहरुमध्ये १२ जना अर्थात ३० प्रतिशत क्षेत्री महिलाहरुको श्रीमान निरक्षर रहेको पाइयो । सबैभन्दा बढी १३ जना श्रीमानहरु साक्षर रहेको पाइयो । सबैभन्दा कम नि.मा.वि. मात्र अध्ययन गरेको १ जना मात्र पाइयो । उच्च मा.वि. मा अध्ययन गर्ने २ जना मात्र पाइयो भने अझै पनि विश्वविद्यालय तहको अध्ययन गर्ने श्रीमानहरु कोही पनि नरहेको पाइयो ।

वि.सं. २०६८ सालको जनगणना अनुसार पुरुषको साक्षरता प्रतिशत ७५.९ रहेको छ जुन वि.सं. २०५८ सालको साक्षरता प्रतिशत भन्दा १०.४ प्रतिशत बढी हुन आउँछ । यस हिसावबाट हेर्दा नेपालमा साक्षरता दर बढ्दै गएको देखिन्छ । यस क्षेत्रमा अशिक्षित व्यक्तिहरुको तुलनामा शिक्षित व्यक्तिहरुले हिंसा कम गर्ने गरेको पाइयो । व्यक्ति शिक्षित भएपछि उनीहरुमा चेतना आउने र हिंसा गर्न हुँदैन भन्ने कुराको चेतना पाइयो । शिक्षित व्यक्तिहरुले राम्रा कुराहरु सोच्ने र उनीहरुले समाजका अन्य व्यक्तिहरुले गरेका गलत कुराहरु नपत्याउने गरेको पाइयो । जसले गर्दा श्रमिान श्रीमती बिच मनमुटाव नभइ दुवै मिली समस्याको समाधान गर्ने हुँदा जति माथिल्लो तहसम्म शिक्षा हासिल गरेका छन् त्यति नै हिंसामा कमी हुँदै गएको देखिन्छ ।

## ४.५ क्षेत्री महिलाहरुको छोराछोरी पढाउने विद्यालयको प्रकार

**तालिका ५ : क्षेत्री महिलाहरुको छोराछोरी पढाउने विद्यालय**

| विद्यालयको प्रकार | लिङ्ग | संख्या |
|---|---|---|
| सरकारी विद्यालय | छोरा | १९ |
| निजी विद्यालय | छोरी | १७ |
| दुवैलाई एउटै विद्यालय | | ३ |
| जम्मा | | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको छोराछोरी पढाउने विद्यालयको प्रकार हेर्दा ४० जना क्षेत्रीहरुले छोराछोरीलाई स्कुल पढाइएको पाइयो । त्यसमा सबैभन्दा बढी १९ जना

अर्थात ४७.५ प्रतिशत महिलाले छोराछोरीलाई नै सरकारी स्कुल पढाएको पाइयो । यसबाट के भन्न सकिन्छ भने क्षेत्री समुदायमा पनि छोरा र छोरीलाई पढाउने विद्यालय फरक रहेको पाइयो । यस समुदायमा पनि बढी मात्रामा छोरालाई निजी र छोरीलाई सरकारी विद्यालयमा अध्ययन गराउने गरेको पाइयो । अर्थात यस समुदायमा पनि छोराछोरी बिच भेदभाव कायमै रहेको पाइयो ।

छोरीलाई निजी विद्यालयमा अध्ययन गराएपनि आफूले गरेको लगानी खेर जाने र छोरीको कमाई आफुले नपाउने भन्दै सरकारी विद्यालय पढाउने गरेको पाइयो । छोराले भने बुढेसकालमा आफूलाई राम्ररी लालनपालन गर्ने हुँदा राम्रो स्कुल पढाएमा राम्रो कमाई गर्ने हुँदा निजी स्कुल पढाउनेको संख्या बढी पाइयो ।

## ४.६ पेशाको आधारमा क्षेत्री महिला

अध्ययनका क्रममा ४० जना क्षेत्री महिलाको पेशालाई निम्नानुसार तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ६ : पेशाको आधारमा क्षेत्री महिला**

| मुख्य पेशा | संख्या |
|---|---|
| नोकरी | ६ |
| शिक्षिका | १ |
| व्यापार | ६ |
| कृषि | २५ |
| ज्याला मजदुरी | ३ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका १ मा पेशाको आधारमा क्षेत्री महिलाको अवस्थालाई देखाइएको छ । ४० जना क्षेत्री महिलाहरुमध्ये सबैभन्दा बढी २५ जना महिलाहरु कृषि पेशा अपनाएको पाइन्छ । त्यसै गरी सबैभन्दा कम १ जना महिला शिक्षिका पेशामा

संलग्न रहेको पाइयो भने नोकरीमा ६, ज्याला मजदुरीमा ३ र व्यापारमा ६ जना संलग्न रहेको पाइयो ।

आफ्नो पसल भएता पनि श्रीमानको पसलमा बढी व्यापार हुने हुँदा चाडपर्वको बेलामा महिलाहरु गाउँको पसल बन्द गरेर श्रीमानको पसलमा आइ व्यापार गर्ने गरेको पाइयो । यसर्थः क्षेत्री महिलाको पेशालाई हेर्दा घरको आर्थिक स्थिति कमजोर भएको कारणले ज्याला मजदुरी गरेर खानुपरेको पाइयो । त्यसैगरी महिलाहरुको पेशालाई हेर्दा ६२.५ प्रतिशत महिलाहरुले अझै पनि कृषि पेशा नै अपनाएको पाइयो । कृषि पेशा अपनाउनुको मुख्य कारण भने आफुसँग आत्मनिर्भर हुन सक्ने कुनै पनि पेशा नजानेको पाइयो अन्य काम गर्ने सीप महिलाहरुमा नभएको र कृषि पेशा भने उनीहरुले सानै बेलादेखि गर्दै आएको पाइयो । कृषि पेशा गरी उत्पादन गरेको अन्नलाई घरमानै उपभोग गर्ने र तरकारी बालीलाई काठमाडौंका व्यापारीहरुलाई पठाई आयआर्जन गर्न सकिने वातावरण भएको कारण कृषि पेशामा लाग्ने महिलाहरुको संख्या पनि बढी रहेको पाइयो ।

## ४.७ भू-स्वामित्वको आधारमा क्षेत्री महिला

**तालिका ७ : भू-स्वामित्वको आधारमा क्षेत्री महिला**

| भू-स्वामित्व | संख्या |
|---|---|
| आफ्नो नाममा भूमि भएका | ४ |
| आफ्नो नाममा भूमि नभएका | ३६ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

अध्ययनका क्रममा जम्मा ४० जना महिला क्षेत्रीमध्ये सबैभन्दा बढी ३६ जना महिलाहरुसँग आफ्नो जमिन माथिको स्वामित्व नरहेको पाइयो भने ४ जना महिलाहरुसँग स्वामित्व रहेको पाइयो । आफ्नो नाममा भूमि भएका जम्मा ४ जना महिलाहरमा ३ जना महिलालाई माइतिले घडेरी दिएको पाइयो भने १ जना महिलालाई श्रीमानले सगोलमा हुँदा कमाएको बेला श्रीमतीको नाममा जग्गा पास गराएमा छुट्टिने बेला अरु दाजुभाइलाई दिन नपर्ने भनि महिलाको नाममा पास

गराएको पाइयो । यही विषयलाई लिएर श्रीमान, देवर, जेठाजु बिच झगडा समेत भएको पाइयो ।

वि.सं. २०५८ सालको जनगणना अनुसार नेपालमा महिलाको नाममा घरजग्गा भएका परिवार ९.११ प्रतिशत रहेको थियो । वि.सं. २०६८ सालमा आइपुग्दा सो संख्या बढेर देशको कुल परिवारको १९.७१ प्रतिशत परिवारहरु महिलाको नाममा घर वा जग्गा रहेको देखिएको छ । यस अध्ययन क्षेत्रका क्षेत्री महिलाहरुको भने ४ प्रतिशत जग्गा जमिनमा स्वामित्व रहेको देखिन्छ । यसको अर्थ यस क्षेत्रका महिलाहरुले देशका अन्य भू-भागका महिलाहरु सरह भूमि माथि आफ्नो स्वामित्व कायम राख्न अझै नसकेको देखिन्छ । यसरी हेर्दा महिलाहरुको भू-स्वामित्व कम रहनुको मुख्य कारण पैतृक सम्पत्तिमा छोरा सरह छोरीले अधिकार नपाउनु देखिन्छ । त्यस्तै श्रीमानको घरमा पनि भूमि माथि अधिकार भने महिलालाई नदिनु नै मुख्य कारण रहेको पाइन्छ ।

## ४.८ क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण

**तालिका ८ : क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण**

| पेवा | संख्या |
|---|---|
| वस्तुभाउ | १५ |
| सुनचाँदी | ४ |
| रुपैया पैसा | ३ |
| पेवापात नभएको | १८ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको पेवा सम्बन्धी विवरण हेर्दा आफुसँग केही पनि नभएका महिला १५ जना ४५ प्रतिशत रहेको पाइयो । पेवापात हुने महिलाहरु मध्ये सबैभन्दा बढी १५ जना ३७.५ प्रतिशत महिलाहरुले वस्तुभाउ बाख्रा, रक्सी, कुखुरा पाडी पेवाको रुपमा रहेको पाइयो । सुनचाँदीको रुपमा ४ जना महिलाहरुले

तिलहरी, भाडवारी, सिक्री जस्ता गरगहना पेवाको रुपमा रहेको पाइयो । ३ जजा महिलाहरुले भने पेवाको रुपमा बैंकमा रुपैया पैसा जम्मा गरेको पाइयो ।

## ४.९ क्षेत्री महिलाहरुको पेवाको बजारभाउ

**तालिका ९ : क्षेत्री महिलाहरुको पेवाको बजारभाउ**

| हालको बजारभाउ | संख्या |
|---|---|
| १०००-१०००० | ६ |
| ११०००-२०००० | ५ |
| २१०००-३०००० | २ |
| ३१०००-४०००० | १ |
| ४१०००-५०००० | ३ |
| ५१००० भन्दा माथि | ४ |
| जम्मा | २५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुमध्ये २२ जना महिलाहरुसँग कुनै न कुनै किसिमका पेवापात रहेको देखियो । पेवा रहेका मध्ये सबैभन्दा बढी ६ जना २४ प्रतिशत महिलाहरुसँग १००० देखि १०००० सम्म पेवा रहेको पाइयो । ५१००० भन्दा माथि पेवा हुने महिलाहरु ४ जना १६ प्रतिशत रहेको पाइयो । यी ४ जना महिलाहरुलाई माइतिले दाइजोको रुपमा रुपैया पैसा दिइएको पाइयो । १८ जना महिलाहरुसँग पेवाको नाममा केही नभएको पाइयो । यसरी हेर्दा क्षेत्री महिलाहरुसँग पेवा स्वरुप ५०, ६० हजार बराबरको पैसा भएपनि अधिकांश महिलाहरुसँग सम्पत्तिमा पहुँच रहेको पाइदैन । आफ्नै पेवाको रुपमा सम्पत्ति धेरै भएका महिलाहरुलाई उनका घरपरिवारका श्रीमान, सासु ससुराहरुले हिंसा कम गरेको पाइएको छ ।

## ४.१० क्षेत्री महिलाहरुको श्रीमानको पेशा सम्बन्धी विवरण

**तालिका १० : क्षेत्री महिलाहरुको श्रीमानको पेशा सम्बन्धी विवरण**

| पेशा | संख्या |
|---|---|
| व्यापार | ६ |
| कृषि | २ |
| ड्राइभर | ३ |
| ज्याला मजदुरी | १६ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

नेपाल कृषि प्रधान मुलुक भएता पनि अध्ययन क्षेत्रका महिलाहरुको तुलनामा पुरुषहरु कृष पेशामा संलग्न रहेको पाइएन । ४० जना उत्तरदाताका श्रीमानको पेशालाई हेर्दा सबैभन्दा बढी ज्याला मजदुरी गर्ने १६ जना र ड्राइभर पेशा भएका ३ जना रहेको पाइयो । यस क्षेत्रमा कृषि कार्य गर्नका लागि प्रशस्त सम्भावना रहेको हुँदा यहाँका केटाकेटीहरु दुई चार कक्षासम्म पढ्नका लागि विद्यालय जाने गर्दछन् । अक्षर चिन्न थालेपछि स्थानीय खड्बु खोलामा ढुङ्गा झिक्ने, ट्रिपरमा ड्राइभर बन्ने र त्यहाँको रोडा र ढुङ्गा काठमाडौंका विभिन्न डिपोहरुमा ल्याई बेचेर जिविकोपार्जन गर्छन् । आफ्नै लगानीमा गाडी ट्र्याक्टर किन्न सक्ने क्षमता भएका व्यक्तिहरुले गाडी र ट्र्याक्टर किनेर त्यही खड्बु खोलाको ढुङ्गा, गिट्टी क्रसरमा बेच्ने गरेको पाइयो ।

महिलाहरुमा हुने गरेको घरलु हिंसाको अवस्थालाई हेर्दा सबैभन्दा बढी ज्याला मजदुरी गर्ने परिवारका महिलाहरुलाई हिंसा हुने गरेको पाइयो । दिनभर ज्याला मजदुरीको काम गर्ने र कुनै दिन राम्रो कमाई नहुने हुँदा साथीहरुसँग झगडा गर्ने र जाडरक्सी खाएर घर आई झगडा गर्ने गरेको पाइयो । त्यसपछि ड्राइभरको परिवारमा बढी हिंसा हुने गरेको पाइयो । गाडी चलाउन घरभन्दा बाहिर जाने र नराम्रो साथी संगत, बाहिरका महिलाहरुसँगको सम्बन्ध, गाउँम अन्य मानिसहरुले नराम्रो कुरा सुनाई दिएको कारण ड्राइभरहरुले बढी हिंसा गर्ने गरेको पाइयो ।

## ४.११ क्षेत्री महिलाहरुको जग्गाको किसिम

**तालिका ११ : क्षेत्री महिलाहरुको परिवारको जग्गाको किसिम**

| जग्गाको किसिम | संख्या |
|---|---|
| घडेरी, पाखो बारी र सिचित जमिन हुने परिवार | १० |
| पाखो बारी र सिचित जमिन हुने परिवार | १२ |
| पाखो बारी मात्र हुने परिवार | १२ |
| घडेरी र पाखोबारी मात्र हुने परिवार | ३ |
| सिचित जमिन मात्र हुने परिवार | ३ |
| घडेरी र सिचित जमिन मात्र हुने परिवार | १० |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको परिवारमा रहेको जग्गाको किसिम हेर्दा सबैभन्दा बढी १२ परिवार अर्थात ३० प्रतिशत परिवारको पाखो बारी र पानी लाग्ने जमिन दुवै रहेको पाइयो । त्यस्तै सबैभन्दा कम २ परिवार अर्थात् ५ प्रतिशत परिवारको पाखो बारी मात्र रहेको पाइयो ।

## ४.१२ क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन

**तालिका १२ : क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन**

| जग्गा जमिन (आना/रोपनी) | संख्या |
|---|---|
| १ आना देखि १ रोपनी | ८ |
| २ आना देखि ३ रोपनी | १० |
| ४ रोपनी देखि ५ रोपनी | १० |
| ६ रोपनी देखि ७ रोपनी | ५ |
| ८ रोपनी भन्दा बढी | ७ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको परिवारको जग्गा जमिन सम्बन्धी विवरण हेर्दा सबैभन्दा बढी १० घर परिवारको २ रोपनी देखि ३ रोपनी, ४ देखि ५ रोपनी जग्गा रहेको पाइयो । सबै भन्दा कम ५ घरपरिवारको भने १ आना देखि १ रोपनी मात्र जग्गा रहेको पाइयो । परिवारसँग जग्गा जमिन धेरै भएका र सिंचित जमिन हुने परिवारको आर्थिक अवस्था पनि राम्रो रहेको पाइएको छ । जुन जुन महिलाको परिवारमा आर्थिक अवस्था राम्रो छ ति महिलालाई घरेलु हिंसा पनि कम रहेको पाइएको छ ।

## ४.१३ क्षेत्री महिलाहरुको परिवारको वार्षिक आम्दानी

**तालिका १३ : क्षेत्री महिलाहरुको परिवारको वार्षिक आम्दानी**

| वार्षिक आम्दानी | संख्या |
|---|---|
| १०००-५००० | २ |
| ५००१-१०००० | ४ |
| १०००१-२०००० | १९ |
| २०००१-३०००० | १४ |
| ३०००१-४०००० | १ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको वार्षिक आम्दानी मासिक रुपमा हेर्दा सबैभन्दा बढी १०००० देखि २०००० रुपैया सम्म कमाउने परिवार १९ (४७.५%) रहेको पाइयो भने सबैभन्दा कम ३०००० देखि ४०००० रुपैया सम्म कमाउने जम्मा १ जना ( ३.२२%) रहेको पाइयो । साधारण खेतिपाती गरेर र मासिक रुपमा ५-१० हजार रुपैया कमाउने महिलाहरु ४ जना रहेको पाइयो । त्यस्तै १ जना ३० देखि ४० हजार कमाउने व्यक्तिले भने काठमाडौंमा कपडा व्यापार व्यवसायगर्ने गरेको पाइयो । कम आम्दानी भएका परिवारमा बिहान बेलुका खान मुश्किल पर्ने भएकाले त्यस परिवारमा हिंसा हुने गरेको पाइयो । घरमा सधैं झै-झगडा हुने गरेको पाइएको छ भने बढी आम्दानी हुने परिवारमा हिंसा कम हुन गएको पाइएको छ ।

## ४.१४ क्षेत्री महिलाको विचारमा हिंसाका कारणहरु

**तालिका १४ : क्षेत्री महिलाको विचारमा हिंसाका कारणहरु**

| हिंसाका कारणहरु | संख्या |
|---|---|
| जुवातास र जाडरक्सी सेवन | ७ |
| हिंसा नभएका | ३३ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री जातिका महिलाहरुमा सबैभन्दा बढी महिलाहरुमा हिंसा नभएको पाइयो भने हिंसा हुने ७ जना महिलाहरुलाई उनका श्रीमानले जुवातास खेलेपछि र जाडरक्सी सेवन गरेपछि हिंसा गरेको पाइयो । ४० जना श्रीमानहरु मध्ये १० जना निरक्षर रहेको पाइयो भने शिक्षित भएका मध्ये पनि ७ जनाले प्रा.वि. तह सम्मको शिक्षा लिएको पाइयो । हालसम्म उच्च शिक्षा लिने १ जा मात्र रहेको पाइयो । साक्षरता रहेको श्रीमानहरु १३ जना रहेको पाइन्छ । यसबाट के भन्न सकिन्छ भने अशिक्षा र आफुले अपनाएको पेशाले गर्दा पनि हिंसा गर्नेमा सहयोग गर्ने देखिन्छ ।

अध्ययन क्षेत्रको अवस्थालाई हेर्दा घरेलु हिंसाको मुख्य कारणको रुपमा बेरोजगारी र अशिक्षाको कारणलाई लिन सकिन्छ । आफुसँग काम गर्ने सिपको अभाव भएपछि दिनभर जुवातास र जाडरक्सी सेवन गर्ने, झगडा गर्ने जस्तो अवस्था देखिन्छ । यसरी जाडरक्सी र जुवातास खेली महिलाहरुलाई घरेलु हिंसाको सिकार बनाएको पाइन्छ ।

## ४.१५ क्षेत्री महिलाहरुको समूहमा आवद्धता

**तालिका १५ : क्षेत्री महिलाहरुको समूहमा आवद्धता**

| क्षेत्री महिलाहरु | संख्या |
|---|---|
| समूहमा आवद्ध भएका | ३१ |
| समूहमा आवद्ध नभएका | ९ |
| जम्मा | ४० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

क्षेत्री महिलाहरुको समूहमा आवद्धताको अवस्थालाई हेर्दा सबैभन्दा बढी ३ जना महिलाहरु समूहमा आवद्ध भएका र ९ जना महिलाहरु कुनै पनि समूहमा आवद्ध नरहेको पाइयो । मितेरी बचत तथा ऋण सहकारी संस्था र आमा समूह जस्ता संस्थाहरुमा क्षेत्री महिलाहरु आवद्ध भएको पाइयो । उक्त संस्था मकवानपुर जिल्लाको फाखेल, मार्खु, कुलेखानी गा.वि.स. मा सञ्चालन भएको थियो । यस सहकारी संस्थाले यस सहकारी संस्थाले त्यस ठाउँका महिलाहरुले कुनै पनि व्यवसाय सञ्चालन गर्नु परेमा जस्तै कृषि, पशुपालन जस्ता कार्य गर्नु परेमा सहुलियत व्याजदरमा ऋण प्रदान गर्ने गरेको पाइयो । यस संस्थाबाट महिला कृषकहरुलाई व्यवसायिक बनाइ उनीहरुको छनोटमा रहेको व्यवसाय प्रवर्द्धन गर्ने अभिप्राय रहेकाले यस अवधिमा प्राङ्गारिक कृषिमा उजागर गरी अकवरे खुर्सानी, खेतीको माध्यमबाट व्यवसाय वृद्धि तर्फ आकर्षित गरिरहेको छ । सामान्य रुपमा पनि आर्थिक समस्याको बेला अरुमा निर्भर रहनु पर्ने महिलाहरु हाल आएर सहकारिताको विकासले गर्दा ५० हजारसम्म आफ्नै सहकारिताबाट ऋण लिई समस्या समाधान गर्न सफल भएका छन् ।

## ४.१६ क्षेत्री महिलाले भोगेका घरेलु हिंसाको प्रकृति

मकवानपुर जिल्ला फाखेल गा.वि.स. वडा नं. ८ खड्बुमा महिलाहरुले भोगेका घरेलु हिंसाको अध्ययन गर्दा त्यहाँका महिलाहरुको सामाजिक अवस्था हेर्दा धेरै जसो महिलाहरुले आफ्नो स्वामित्वको जग्गा जमिन नभएको र आफ्नो परिवारमा भएकै जग्गा जमिनमा काम गरिरहेको पाइन्छ । आयआर्जनका निमित्त आफ्नो खेतीपातीमा काम गर्ने र श्रीमानहरुबाट जागिर, व्यापार एवं ज्यालादारी काम गर्ने गरेका छन् । क्षेत्री महिलाहरुमा ४० जना मध्ये ४ जना महिलाहरुको आफ्नै नाममा घडेरी भएको पाइन्छ । उनीहरुले आफ्नो श्रीमानले कमाएको पैसाले जग्गा किनी श्रीमतीको नाममा पास गराएको पाइन्छ । त्यस ठाउँम १ जना महिला आफ्नो श्रीमानबाट सम्बन्ध विच्छेद गरी बसेको पाइन्छ । त्यस महिलालाई श्रीमानले सौता हालेको र त्यसपछि श्रीमतीले सम्बन्ध विच्छेद गरी आफुले पाउने अंश लिएर आफ्नो सन्तान (छोरी) सँग बसेको पाइन्छ । जाँडरक्सी र जुवातास खेल्ने श्रीमानहरुबाट पीडित भएको पाइन्छ । क्षेत्री महिलाहरु आफ्नो बाबुआमाको इज्जत

जान्छ भन्ने डरले आफु माथि जतिसुकै हिंसा, गालीगलौज भएपनि महिलाहरुले सहेर बसेको पाइन्छ ।

अध्ययन क्षेत्रका क्षेत्री महिलाहरु ४० जना मध्ये २५ जना महिलाहरु कृषि पेशा गरेर बसेको पाइन्छ । उनीहरुले कृषिको रुपमा आफ्नो खेतवारीमा तरकारी खेती गर्ने गरेको पाइन्छ । तरकारी खेतीको रुपमा खेतबारीमा काउली, बन्दा, खुर्सानी, मुला आदि लगाई नजिकैको बजारमा बेचविखन गरी आफ्नो घर खर्च चलाउने गरेको पाइन्छ । क्षेत्री महिलामध्ये १ जना महिला शिक्षिका पेशामा संलग्न रहेको पाइन्छ । उनले आफ्नो घर नजिकैको स्कुलमा पढाउने र विहान बेलुका फुर्सदको समयमा आफ्नै घरमा टेलर खोली सिलाई गरी आफ्नो घर व्यवहार चलाउने गरेको पाइन्छ । त्यस ठाउँका क्षेत्री महिलाहरुले आफ्नो पेवापातको रुपमा गाई, भैंसी, पैसा सुन चाँदी आदि रहेको बताउँछन् । त्यस ठाउँका क्षेत्री महिलाहरुमा वार्षिक आम्दानीको रुपमा सबैभन्दा बढी २०,००० देखि ३०,००० हुने रहेको पाइन्छ । त्यस ठाउँका धेरै जसो महिलाहरु सहकारी संस्थामा आवद्ध वा आमा समुहमा आवद्ध भई आई परेका समस्याहरुलाई संस्थामा आवद्ध महिलाहरुसँग मिली कामहरु सल्जाउने गरिरहेको पाइन्छ ।

अध्ययन क्षेत्रका क्षेत्री महिलाहरुको शैक्षिक स्थिति हेर्दा ४० जना मध्ये १३ जना निरक्षर नै रहेको पाइन्छ । उनीहरुमा घरको आर्थिक स्थिति कमजोर, छोरीलाई पढाउने चलन नभएको, घरमा काम गर्ने मानिसको अभाव जस्ता कारणहरुले गर्दा उनीहरु निरक्षर रहेको पाइन्छ । क्षेत्री महिलाहरु मध्ये ३ जनाले उच्च शिक्षा हासिल गरेको पाइन्छ । जसमध्ये एक जना शिक्षिका १ जना स्वास्थ्य स्वयम् सेविका र १ जना सरकारी कर्मचारी रहेको पाइन्छ । ती तीन जना महिलाहरुको पारिवारिक शैक्षिक स्थिति पनि राम्रो रहेको पाइन्छ । क्षेत्री महिलाहरुको श्रीमानको शैक्षिक स्थिति हेर्दा २ जनाले मात्र उच्च शिक्षा हासिल गरेको पाइन्छ । धेरै जसो श्रीमानहरुले साधारण लेखपढ गर्न सक्ने रहेको पाइन्छ । क्षेत्री महिलाहरु मध्येमा १९ जना महिलाले आफ्ना बालबच्चालाई सरकारी विद्यालयमा पढाएको जसको कारण उनीहरुमा आर्थिक स्थिति कमजोर भएर निजी विद्यालय पढाउन नसकेको पाइन्छ भने निजी विद्यालय पढाउने १७ जना रहेको पाइन्छ । त्यस ठाउँका महिलाहरुमा

छोराछोरी प्रति खासै कुनै पनि भिन्नता रहेको पाइएको छैन । त्यस ठाउँका क्षेत्री महिलाहरुको धारणामा आफुले कृषि पेशा गरेर भए पनि छोराछोरीलाई राम्रो शिक्षा दिने सोच लिएका छौ भन्ने भनाई रहेको पाइन्छ ।

नुवाकोट चाउथे माइती भएकी शुष्माको विवाह २०६१ सालमा १८ वर्षको उमेरमा भएको थियो । पहिले नै विवाह भैसकेको शुष्मालाई भुक्याएर मामाघर आएको बेला फाखेलमा विवाह गरेको र पछि गाली गर्ने, कुटपिट गर्ने गर्दा उनमा आफूबाट गल्ती भएको महसुस भएको बताउँछिन् । चिन्ता मान्दै जाँदा उनलाई छोप्ने काम्ने हुन थालेको र माइतीले धामीझाँक्री लगाएको तर निको हुन नसकेपछि अस्पताल लैजाँदा मानसिक रोग भएको थाहा भएपछि लगातार औषधी सेवन गरिरहेको बताउँछिन् ।

क्षेत्री महिलाहरुमध्ये १० जना महिलाहरुले शारीरिक हिंसा भोगेका छन् । लक्की कार्कीको जन्म वि.सं. २०५१ सालमा पोखरामा भएको र उनको विवाह १५ वर्षको उमेरमा फाखेलमा भएको थियो । गाउँका व्यक्तिहरु घरमा आई कुराकानी गर्ने गर्दै जाँदा श्रीमान् रामकृष्ण कार्कीले लक्की माथि संका गर्दै जाने गरेको बताउँछिन् । सन्तानको रुपमा पहिलो छोरीको जन्म भएपछि घरपरिवारका श्रीमान्ले मेरो सन्तान होइन परपुरुषसँगको सम्बन्धबाट बच्चा जन्मिएको भनेको बताउँछिन् । यस घटनाबाट लक्कीलाई कुट्ने, पिट्ने, घरबाट निक्लेर जा भन्दै गाली गर्ने गरेको बताउँछिन् । त्यस्तै सासु र नन्द मिलि खाना खान नदिने र गाली गर्ने गरेको बताउँछिन् । यस घटनापछि श्रीमान्ले अर्की श्रीमती विवाह गरेको र सौताले लक्कीलाई खानामा विषय समेत मिसाएर खान दिएको बताइन ।

फाखेलमा गरिएको अध्ययनमा ६ जना महिलाहरुले यौनजन्य हिंसा भोगेको पाइन्छ । यौनजन्य हिंसा भोगेका महिलाहरुलाई छोरा जन्माउन नसकेको, विवाहमा प्रशस्त दाइजो ल्याउन नसकेको, विवाह गरिसकेपछि जात नमिलेको भन्दै गाली-गलौज, जवरजस्तीकरणी र प्राकृतिक अंगबाहेक कृतिम अंगमा यौनसम्पर्क गरेको पाइन्छ ।

धादिङ्ग जिल्ला जिवनपुरमा वि.सं. २०४१ सालमा जन्मिएकी सरिता कार्कीको विवाह फाखेलमा भएको थियो । धादिङ्गबाट ज्याला मजदुरी गर्ने क्रममा आग्रा खोलामा बसेको र धर्मको घर पनि सोहि ठाउँमा रहेको हुँदा उनीहरु बिच प्रेम विवाह भएको बताउँछिन् । सरिता नेवार जातिकी भएको हुँदा धर्मका परिवारले अर्को जातकी भन्दै गाली गर्न थालेको बताउँछिन् । धर्मलाई घरपरिवार र गाउँघरकाले समेत उक्साएपछि धर्मले अरुको लहैलहैमा लागि गाली गर्ने, कुट्ने, जवरजस्ती शारीरिक सम्पर्क राख्दा धेरै पीडा सहनुपरेको बताउँछिन् । धर्मले सरितालाई जवरजस्ती बच्चा जन्माउन दवाव दिएको र नमानेपछि घरबाट निकाली दिएको हुँदा एकरात घरबाहिर समेत बस्नु परेको बताउँछिन् । एकरात घरबाट बाहिर बसेपछि सरिताले धर्मले जे भनेपनि मान्छु भन्ने सर्त गरी बसेको र बच्चाको जन्म दिएको बताउँछिन् । यसले गर्दा सरितालाई अहिले पाठेघर झर्ने, सेतोपानी बग्ने जस्तो समस्या आएको हुँदा केहि काम पनि राम्ररी गर्न नसक्ने भएको बताउँछिन् ।

फाखेलमा गरिएको यस अध्ययनमा ५ जना महिलाहरुले आर्थिक हिंसा भोगेको पाइयो । आर्थिक हिंसा भोगेका यी महिलाहरुलाई केटा पक्षले आफूले भनेजति दाइजो ल्याउन नसकेको, घरमा धेरै काम नगरेको, छोरा जन्माउन नसकेको भन्दै खानलाउन र औषधी उपचारका लागि खर्च समेत नदिएको पाइन्छ ।

वि.सं. २०४९ सालमा चालिसे माइती भएकी कान्छी कार्कीले जितबहादुरसँग विवाह भएको थियो । कान्छीको परिवार आर्थिक रुपमा कमजोर भएको हुँदा धेरै दाइजो दिन नसकेको बताउँछन् । जितबहादुरले दाइजोको रुपमा सुन चाँदी र जग्गा जमिन समेत आशा गरेको तर कान्छीका परिवारले यी सबै दिन नसकेको हुँदा उनलाई नराम्रो व्यवहार गर्न थालेको बताउँछिन् । जितबहादुर र उनका परिवार मिलि दिनदिनै कान्छीलाई कुटपिट गाली लगायत घर नै छाडेर जा भनि धम्की दिएको बताउँछिन् । उनले जति दुःख सहेर पनि बस्छु भनि बसेपछि कान्छीबाट तिनवटी छोरीको जम भएको बताउँछिन् । तिनवटी छोरी जन्मेपछि जितबहादुरले कान्छीले घर छाडेर अन्त नगएसम्म घर नआउने भनि घर छाडेर हिडेपछि कान्छी र उनका छोरीहरुलाई बिहान बेलुका खान लाउन समेत समस्या भएको बताउँछिन् ।

जितबहादुर घरबाट हिडेपछि कान्छीलाई परिवारले झनै बढी रिस गर्न थालेपछि उनी माइत गई बसेको र जितबहादुरले भने छोरा जन्माउन भन्दै अर्की श्रीमती विवाह गरेको पाइन्छ । तर दोस्रो श्रीमतीबाट समेत छोरी जन्मिएपछि उनलाई पनि रिस गरेपछि उनी भागेर अन्तै विवाह गरेपछि जितबहादुर कान्छीको माइत गई माफी मागेपछि आफू घर आएको बताउँछिन् । घर आएपछि पनि लगातार छ वटी छोरी जन्मिएपछि श्रीमान्ले रिस गर्ने गरेको हुँदा आफै ज्याला मजदुरी गरी बच्चाहरुको पालनपोषण गरेको बताउँछिन् ।

## ४.१७ शिक्षित र अशिक्षित महिलाहरुले भोगिरहेको हिंसामा समानता र असमानता

विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेका छन्, साथै महिला शिक्षाको महत्वप्रति पनि वर्तमान समाज उदार देखिन थालेका छन् । यहाँ प्रस्तुत अध्ययनमा फाखेल गा.वि.स.का क्षेत्री महिलाहरु बढी रुपमा अशिक्षित रहेको पाइन्छ । त्यहाँका अशिक्षित क्षेत्री महिलाहरुमा बढी घरेलु हिंसा भएको पाइन्छ । अशिक्षित महिलाहरुलाई उनका श्रीमानदेखि सासु-ससुरा, नन्द आमाजुले समेत हिंसा गरेको पाइन्छ । हिंसामा अशिक्षित महिलाहरुलाई श्रीमानबाट गालीगलौज, नराम्रो शब्द बोल्ने, हेप्ने, जाँड रक्सी सेवन गरी कुट्ने, पिट्ने जस्ता कार्यहरु गरेको पाइन्छ । सासु-नन्दहरुबाट पनि अनपढ गवार जस्ता घोचपेचका शब्दहरु बोलिरहने गरेको पाइन्छ । त्यस ठाउँका अशिक्षित क्षेत्री महिलाहरुले आफ्नो घरको र माइतीको इज्जत जान्छ भन्ने डरले आफुले हिंसा सहेर बस्ने र कसैकोमा पनि सुनुवाई नगर्ने गरेको पाइन्छ । अशिक्षित क्षेत्री महिलाहरुले भने आफ्ना बालबच्चाहरुलाई छोरालाई निजी स्कुलमा र छोरीलाई सरकारी स्कुलमा पढाउने गरेको पाइन्छ । केही अशिक्षित महिलाहरुले भने छोराछोरी दुवैलाई निजी स्कुलमा पढाउने गरेको पाइन्छ । अशिक्षित क्षेत्री महिलाहरुलाई उनीहरुका श्रीमानहरुले कुनै पनि सीप मुलक काम गर्न चाहेमा पनि तिमीहरु नपढेकाले के सीप सिक्न सक्छौ भनी सीपमुलक तालिमहरु सिक्न जान नदिने घरभित्रै राख्ने जस्ता कार्यहरु गरेको पाइन्छ ।

शिक्षित महिलाहरुलाई भने घरेलु हिंस कम भएको पाइएको छ । त्यस ठाउँका क्षेत्री महिलाहरु कम शिक्षित रहेका छन् महिला शिक्षित र श्रीमान अशिक्षित भएका महिलाहरुलाई घरेलु हिंसा हुने गरेको पाइन्छ । अशिक्षित श्रीमानले श्रीमतीलाई कसैसँग बोल्दा वा कुनै कामले बाहिर जाँदा पनि शंका गर्ने, नराम्रो काममा गएको भन्ने नराम्रो शब्द बोल्ने गरेको पाइन्छ भने शिक्षित श्रीमानले आफ्नो श्रीमतीलाई हरेक कुरामा सहयोग गर्ने शंका नगर्ने राम्रो काम गर्नु पर्छ भनी हौसला दिने गरेको पाइन्छ । शिक्षित महिला र शिक्षित पुरुष भएका घर परिवारमा मिलेर घरको काम गर्ने काममा बच्चा हेर्ने, सरसफाई गर्ने, खाना पकाउने जस्ता काममा सहयोग गर्ने गरेको पाइन्छ ।

शिक्षित महिलाहरुले आफ्ना छोराछोरीलाई समान व्यवहार गर्ने दुवैलाई एउटै स्कुलमा अध्ययन गराउने गरेको पाइएको छ ।

अध्ययनका क्रममा ४० जना पीडक महिलाहरुको श्रीमान्ले पाएको सजायको विवरण हेर्दा सबैभन्दा बढी ११ जनाल महिलाहरुलाई महिला समूहले जरिवाना तिराएको पाइन्छ । त्यस्तै सबैभन्दा कम एकजना महिलालाई मात्र प्रहरी चौकीमा लगेर आफूले पाउने सम्पत्ति दिलाएको पाइन्छ । यस परियोजनाबाट बेचविखन र वैदेशिक रोजगारीका विषय साथै घरेलु हिंसाका विषयमा सचेत गराउन विभिन्न तहका सामुदायिक समूहको गठन र परिचालन गरिरहेको छ । जसअन्तर्गत हाल १२० वटा महिला तथा किशोरी समूहमा २५०० भन्दा बढी महिला आवद्ध भई सचेतनाका अतिरिक्त स्थानीय बचत परिचालन र आयआर्जनका गतिविधि सञ्चालन साथै १२ गा.वि.स. मा सञ्जाल गठन र २ वटा क्लष्टर स्तरीय क्रियाशील रहेको छ । यी संस्थाहरुले यस स्थानमा काम गर्नु अघि घरेलु हिंसा र अन्य जुनसुकै किसिमका घटना पनि प्रहरी चौकीमा लैजाने गरेका थिए । अहिले आएर यस सस्थानमा उत्पन्न विभिन्न समस्यालाई स्थानीय स्तरमानै मिलाउने काम गर्दै आएको पाइयो ।

## ४.१८ हिंसाप्रति क्षेत्री महिलाहरुको धारणा

अध्ययन क्षेत्र फाखेलका क्षेत्री महिलामा अधिक महिला एकल परिवारमा रहादै आएका कारण यस क्षेत्रमा श्रीमानबाट श्रीमती माथि हुने कुटपिट गालीगलौजका

घटना नै अधिकतम मात्रामा हुने गरेको पाइन्छ । श्रीमान शिक्षितै भएको अवस्थामा पनि रक्सी सेवन गरी श्रीमती कुट्ने घटना अधिक मात्रामा हुने गरेको पाइन्छ । क्षेत्री महिला मध्यका विधवा महिला आफ्ना नाबालक सन्तानसँग रही आएका तथा एकल परिवार भएका कारण पारिवारिक हिंसाको सिकार बन्न नपरेको भएता पनि समाजबाट विधवा भएका कारण अपहेलित हुनु परेको, महिला भएका कारण होच्याउने, आर्थिक कारोवारमा विश्वास नगर्ने साथै असुरक्षाको अनुभूति हुने गरेको पाइन्छ भने केही महिला सासु, नन्द आमाजुबाट गालीगलौज, सामान्य कुटपिटको सिकार बन्नु परेको पाइन्छ ।

क्षेत्री महिला पीडित महिला माथि भएका श्रीमान वा लोग्ने मानिसबाट मात्र भएका नभइ महिलाबाटै पनि महिला माथि हिंसा भएका छन् । क्षेत्री महिला मध्येका विवाहित महिला श्रीमान लगायत सासु, नन्द आमाजुबाट पनि हिंसाका सिकार बनेको पाइएको छ ।

समग्रमा क्षेत्री महिलाहरुले अधिक रुपमा लोग्नेबाट हिंसा पीडित बन्नु परेको देखियो भने सासु-ससुरा, नन्द-आमाजु लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा लोग्नेलाई कुरा लगाइ पिट्न लगाएको पनि पाइएको छ । विधवा महिलालाई देवरहरुबाट ज्यान मार्ने धम्की दिने गरेका, सामाजिक रुपमा हेला र घृणाको पात्र बन्न परेको पाइन्छ । सकेसम्म सहेर बस्नु पर्ने लोग्ने तथा परिवारका सदस्यहरुको उजुरी गरेर फाइदा नभएको र इज्जत जान्छ भन्ने डर भएको धारणा महिला रहेको पाइएको छ ।

क्षेत्री महिलाहरुले भोगेका घरेलु हिंसाको प्रकृति हेर्दा सबै महिलाहरुले एकै प्रकारको नभई फरक फरक हिंसा भोगेका छन् । ४० जना क्षेत्री महिलाहरु मध्ये मानसिक र शारीरिक हिंसा सबैभन्दा बढी महिलाहरुले भोगेका र आर्थिक हिंसा भने कम महिलाले भोगेका छन् । महिला विरुद्धका शारीरिक हिंसा परिवारका सदस्यहरुले भन्दा आफ्नै पतिबाट बढी भएको पाइयो । हिंसा गर्ने श्रीमान्हरुलाई दिएको सजाय हेर्दा सबैभन्दा बढी ११ जनालाई जरिवाना तिराएको पाइयो ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष

## ५.१ सारांश

महिला माथि हुने शारीरिक यातना मात्र नभई मानसिक, धार्मिक, कानुनी रुपमा यातनालाई पनि महिला विरुद्धको हिंसा मान्नु पर्ने हुन्छ । महिलाहरु कस्ता कस्ता प्रकारका हिंसाबाट पीडित हुने गरेका छन् र उनीहरुले भोगिरहेका हिंसाका कारणहरु, उनीहरुको सामाजिक, आर्थिक पृष्ठभूमि कस्तो रहेको छ भन्ने तथ्यलाई यस अध्ययनमा समस्याको रुपमा लिएको छ । अध्ययन क्षेत्रका सम्पूर्ण क्षेत्री महिलाहरुले भोगेका हिंसाको प्रकार, हिंसा प्रतिको उनीहरुको धारणा पत्ता लगाउने उद्देश्य अध्ययनका क्रममा थियो । महिला सशक्तिकरणमा लागि परेका संस्थाहरु, महिला हिंसा विरुद्ध लाग्ने संस्थाहरुका साथै नीति निर्माणकर्ताहरुले महिला हिंसाको अवस्था तथा कारणहरुको जानकारी दिई सो निवारणका निमित्त मदत पुऱ्याउन सक्ने अपेक्षा अध्ययनका क्रममा लिइएको छ । अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिका प्रकाशित लेख, रचना, प्रतिवेदन, कानुनी प्रावधान आदिबारे अध्ययनका क्रममा समीक्षा गरिएको छ । अध्ययन क्षेत्र मकवानपुर जिल्ला फाखेल गा.वि.स. वडा नं. ८ खड्बुमा रहेको छ । यस गाउँमा भएका घरेलु हिंसाको घटनाहरु विगतका समयमा फाखेल प्रहरी चौकीले हेर्ने गरेको थियो । यस संस्थाहरुले मुख्य गरी घरेलु हिंसा, बलात्कार, गर्भपतन, सम्बन्ध विच्छेद महिलाहरुलाई आत्मनिर्भर बनाउने कार्यक्रम, समूह बचत, सामूहिक तरकारी खेती, किशोरी शिक्षा जस्ता कार्यक्रम मार्फत महिला सशक्तिकरणका लागि कार्य गर्दै आएको पाइन्छ । अनुसन्धानका क्रममा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिनुका साथै आवश्यक तथ्य संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समयसिमा, निश्चित उद्देश्य र अर्थको सीमाको कारणले गर्दा फाखेल गा.वि.स. को पूरै वडाहरुको अध्ययन गर्न सकिएको छैन । त्यसकारण अध्ययन क्षेत्रका २०० महिलामध्ये हिंसा पीडित ४० जना महिलाहरुलाई क्षेत्रीका रुपमा लिइएको छ । यी ४० जना हिंसा पीडित विवाहित क्षेत्री महिलाहरुको धारणा बारे अनुसन्धान गरिएको छ ।

अध्ययनका क्रममा विवाहित क्षेत्री महिलाहरुमा उमेरको हदबन्दी नलगाई जुनसुकै उमेर समूहका महिलाहरुलाई पनि समेटिएको छ । विवाहित क्षेत्री महिलाहरुले के कस्ता हिंसाहरु भोगेका छन् भन्ने सन्दर्भमा सामाजिक, पारिवारिक, शैक्षिक र आर्थिक अवस्था बारे अध्ययन गरिएको छ । सामाजिक अवस्था बारे अध्ययन गर्दा जनसंख्या, परिवारको प्रकार, वैवाहिक स्थिति, शैक्षिक अवस्थालाई लिइएको छ । क्षेत्री जातिका मानिसहरु बढी मात्रामा अशिक्षित भएका कारण परम्परादेखि चलिआएका चालचलन र मरेपछि काजक्रिया र बुढेसकालमा सहाराका लागि छोराको आवश्यकता रहेको पाइयो । छोरा नपाएकी श्रीमती माथि सौता ल्याउने र छोरी पाएकी श्रीमतीलाई भने श्रीमान्ले आफूबाट अलग गराउने कोशिष गरेको पाइन्छ । क्षेत्री महिलाहरुको परिवारको प्रकारको बारेमा अध्ययन गर्दा एकात्मक परिवारको तुलनामा संयुक्त परिवारको संख्या बढी रहेको पाइन्छ । संयुक्त परिवारमा घर चलाउने देखि लिएर खाने, लगाउने कुरामा समेत सबै सदस्यहरुलाई बराबरी अधिकार नहुने र ति सदस्यहरुबिच मनमुटाब भइरहने कारणले गर्दा एकल परिवारको तुलनामा संयुक्तपरिवारका महिलाहरु बढी हिंसा पीडित भएको पाइन्छ । श्रीमान् भएका विवाहित महिलाहरुको तुलनामा श्रीमान् नभएका विधवा क्षेत्री महिलाहरुलाई घर परिवारका सदस्यहरुले लोग्ने टोकुवाई, अलक्षिनी, बोक्सिनी भनेर सराप्ने र पिट्ने गरेकाले विवाहित क्षेत्री महिलाहरुको तुलनामा विधवा महिलाहरु बढी घरेलु हिंसा पीडित बन्न पुगेको पाइयो । शैक्षिक अवस्थालाई हेर्दा यस क्षेत्री जातिको शैक्षिक अवस्था अत्यन्त न्यून रहेको छ । त्यसमा पनि विवाहित क्षेत्री महिलाहरुको शैक्षिक अवस्था त झनै न्यून रहेको छ ।

अध्ययन क्षेत्रमा क्षेत्री महिलाहरुको पारिवारिक अवस्था अध्ययन गर्दा महिलाहरुको पारिवारिक अवस्था अध्ययन गर्दा परिवारमा निर्णयकर्तालाई हेर्दा सासु, ससुरा, छोरा, बुहारी र छोरीमध्ये सबैभन्दा बढी निर्णयकर्ता सासुहरुनै रहेको पाइन्छ । त्यस्तै छोरीहरु र बुहारीहरु भने निर्णयकर्ता नै नरहेको पाइन्छ । सासुहरुले बुहारीहरुलाई आफ्नो निगरानिमा राखेको पाइन्छ । बुहारीले गरेको कुनै काममा गल्ती भएमा दोह्रोऱ्याएर गर्न लगाउने, गाली गर्ने र कुटपिट गर्ने जस्ता काम गर्ने गरेको पाइन्छ । श्रीमान्हरुले पनि श्रीमतीलाई आफूले भने बमोजिम नमानेमा राम्रोसँग भनेका काम गर्न नजानेमा निलडाम हुने गरी पिटेको पाइन्छ । उनीहरुले

बेला बेलामा हाम्रो पालामा यस्तो खान्थ्यौं भन्दै सुनाउने, अहिलेकालाई मिठो चाहिने, लाज नभएकी जस्ता अनेक कुराहरु सुनाउँदै गाली गर्ने गरेको पाइन्छ । सासुहरुले बुहारीहरु विरुद्ध विभिन्न नभएका कुराहरु छोरालाई सुनाएर छोराहरुलाई कुट्न र गाली गर्न लगाउने जस्ता काम गरेको पाइन्छ । सासुहरुले सुत्केरी अवस्था र गर्भवती अवस्थामा समेत हामीले यस्तो काम गरेर मरेनौ, अहिले पनि तिमीहरु भन्दा बलियो नै छौ भन्दै काम गर्न लगाउने गरेको पाइन्छ ।

क्षेत्री महिलाहरुको आर्थिक अवस्थालाई अध्ययन गर्दा पेशा र भूस्वामित्वलाई लिइएको छ । अध्ययन क्षेत्रका क्षेत्री महिलाहरुले व्यापार, कृषि, पशुपालन पेशा बढी गरेको पाइन्छ । आफ्नो घर धान्न पुग्ने सम्पत्ति भएता पनि महिलाहरु बढी अशिक्षित भएका कारण घरका सदस्यहरुबाट गाली गलौजा र हिंसा सहनु परेको पाइन्छ । त्यस्तै आफ्नो घर धान्न धौ धौ परेका महिलाहरुमाथि श्रीमानका् कुटपिट, भोकोपेट, गालीगलौज, यौनिक, शारीरिक, मानसिक र आथिृक हिंसाबाट पीडित बन्नु परेको पाइन्छ ।

अध्ययन क्षेत्रमा क्षेत्री महिलाहरुमा देखापरेका हिंसाको प्रकार र कारणहरु शारीरिक, मानसिक, आर्थिक, यौनिक कारणहरुमा जाडरक्सीको सेवन, दोस्रो विवाह, गरिबी, अनपढ, छोराछोरीमा भेदभाव, दाइजो, सासु बुहारीबिच झगडा, न्यून आर्थिक अवस्था, प्रेम विवाह, जातीय भेदभाव, गाली गलौज जस्ता कुराहरु रहेको पाइन्छ । महिलाहरुले हिंसा सहनुका कारणहरुमा महिलाको आय आर्जनको बाटो नभएको, बच्चाहरुको भविष्य, अशिक्षा, समाजको आल्छानाको डर जस्ता कुराहरु रहेको पाइन्छ । क्षेत्री महिलाहरुमा हिंसाका असरहरुमा कुटपिट, बलात्कार, गर्भपतन, ज्यान मार्ने धम्की, गाली गलौज, सम्बन्ध विच्छेद जस्ता कुराहरु रहेको पाइन्छ ।

क्षेत्री महिलाहरुमा हिंसा गर्नेलाई कानुनी कारवाही सम्बन्धी जानकारी बुझ्न हिंसा गर्नेलाई कानुनी कारवाही हुन्छ भन्ने बारे सबैलाई जानकारी भएको पाइन्छ । तर पनि आफ्नो र परिवारको इज्जत जान्छ भनि सामान्य हिंसालाई लुकाएको पाइन्छ, उनीहरु अत्याधिक हिंसा भएको खण्डमा मात्र न्यायका लागि प्रहरी चौकी र गैसरकारी संस्था समक्ष धाउने गरेको पाइन्छ । आजभोली महिला हिंसासँग सम्बन्धित धेरै संस्थाहरु बनेको पाइन्छ । यस अध्ययका क्षेत्रका महिलाहरु धेरै हिंसा

भएको खण्डमा चन्द्रज्योति एकीकृत ग्रामीण विकास समाज (सिड्स मकवानपुर) र न्यायिक संसार जस्ता गैरसरकारी संस्था धाउने गरेको पाइन्छ । क्षेत्री जातिमा सासु र छोरीको तुलनामा बुहारीहरु निकै हिंसा पीडित बन्न पुगेको पाइन्छ ।

## ५.२ निष्कर्ष

क्षेत्री महिलामाथि हुने गरको घरेलु हिंसा शीर्षकमा यो अध्ययन मकवानपुर जिल्लाको फाखेल गा.वि.स. वडा नं. ८ खड्बुमा गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य क्षेत्री महिलाहरुमा हुने घरेलु हिंसाको अध्ययन गर्ने, हिंसाको कारण पत्ता लगाउने र घरेलु हिंसाबाट हुने आर्थिक, सामाजिक, शैक्षिक समस्याहरु अध्ययन गर्नु रहेकाले यस अध्ययनबाट निम्न निष्कर्षमा पुगिएको छ ।

मकवानपुर जिल्लाको फाखेल गा.वि.स. मा गरिएको सर्वेक्षण अझै पनि महिलाहरु अशिक्षित रहेका र धेरै जसो महिलाहरुले प्राथमिक तहसम्मको शिक्षामात्र हासिल गरेको पाइएको छ । क्षेत्री जातिमा अझै पनि परम्परागत सोच र व्यवहारका कारण ति महिलाहरु आफ्नो हक अधिकारप्रति अज्ञात रहेका छन् । छनोटमा परेका अधिकांश महिलाहरु आफ्नो आयआर्जनको बाटो नभएको कारण आर्थिक रुपमा श्रीमान् तथा परिवारप्रति निर्भर रहेको पाइएको छ ।

नेपाल कृषि प्रधान राष्ट्र भएको हुँदा यहाँका ७० प्रतिशत भन्दा बढी जनताले कृषिलाई जिवनयापनको प्रमुख माध्यम बनाएका छन् । यस सर्वेक्षण स्थलमा पनि पेशाको रुपमा कृषि, व्यापार, ज्याला मजदुरी जस्ता पेशा अपनाएको पाइएको छ । यहाँका क्षेत्री महिलाहरु अन्तर्वार्ता दिने क्रममा उत्तर दिन डराउने, परिवारले थाहा पाउने हुन् कि भन्ने डराएको मनस्थिति रहेको पाइएको छ । शिक्षा र चेतनाको अभाव, बालबालिकाको भविष्यका लागि आफ्नो आयआर्जन गर्न सक्ने क्षमताको कमि र श्रीमान् र सासुको दवावले गर्दा हिंसा सहेको पाइएको छ ।

आफूमा परेको अन्याय सहेर बस्ने परिपाटीले गर्दा हिंसा अझ व्यापक बन्दै गएको पाइएको छ । यहाँका अधिकांश महिलाहरु शारीरिक, मानसिक, आर्थिक र यौनिक रुपमा हिंसाको शिकार हुँदै आएको पाइन्छ । धेरे महिलाहरु श्रीमान्बाट र केही महिला परिवारका अन्य सदस्यबाट हिंसा सहेर बसेको पाइएको छ । आफूमाथि

श्रीमान् तथा सासुबाट भएका हिंसाका घटनालाई सामान्य रुपमा लिँदै आएको पाइन्छ । घरेलु हिंसाबाट पीडित महिलाहरु कानुनी उपचारका लागि प्रहरी वा संघ संस्थामा उजुरी गर्न थप हिंसाको सिकार बन्ने डरले कानुनी डरले उपचारको खोजी नगरेको पाइएको छ । हिंसाको पीडामा पनि सहयोगका लागि कानुनले सहयोग गरेपनि फेरि सोही परिवारमानै जिवन गुर्जानुपर्ने बाध्यताले पनि हिंसाको उजुरी गर्न नचाहेको पाइएको छ । छनोटमा परेका अधिकांश महिलाहरुले शारीरिक, मानसिक, आर्थिक र यौनिक हिंसा भोगेको पाइएको छ ।

विकृतिका रुपमा रहेको जाडरक्सी, गाँजा, डग्स, चुरोट जस्ता मादक पदार्थको सेवन पनि महिला माथि हुने हिंसाको कारणको रुपमा देखिएको छ । अधिकांश महिलाहरु आयआर्जनको बाटो नभएकाले, अशिक्षा, घरबाट निकालिने डर, श्रीमान्को दवाव, बच्चाहरुको भविष्यको लागि र संस्कृति र परम्पराको कारण हिंसा सहेर बसेको पाइएको छ । समाजले महिलाप्रति गरिने दुर्व्यवहार हेर्ने दृष्टिकोण आदिका कारण महिलाले विभिन्न हिंसाहरु भोग्नु परेको छ । छनोटमा परेका उत्तरादता महिलाका धारणामा महिला माथिको हिंसाको कारण पितृसत्तात्मक सामाजिक संरचना हो । जसले गर्दा महिला पुरुषप्रतिको सामाजिक दृष्टिकोण फरक हुन पुगेको छ । सामाजिक परिवेशका कारणले गर्दा नै आफूलाई कमजोर तथा निर्भर ठान्ने मानसिकता स्वयम् महिलामा पनि विकास भैरहेको छ । जसले गर्दा महिलाप्रतिको हिंसाको घटनाले प्रश्रय पाउँदै आएको छ । त्यसैले समाजमा रहेको घरेलु हिंसा कम गर्न महिला शिक्षामा जोड दिई महिला स्वयम् आफू पनि अधिकारप्रति जनचेतना जगाउनुका साथै आफूलाई कमजोर ठान्ने मानसिकतामा परिवर्तन ल्याउनु जरुरी छ ।

# सन्दर्भ सामाग्री


अन्तरिक संविधान (२०६३), **नेपालको अन्तरिम संविधान**, २०६३ ।

अर्याल, (२०५९), **लैङ्गिक तथा महिलावादी अध्ययन**, कीर्तिपुर, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, (२०५८), **लैङ्गिक तथा महिलावादी अध्ययन**, काठमाडौं : नेशनल बुक सेन्टर ।

गा.वि.स. प्रोफाइल, (२०६८), फाखेल गाउँ विकास समिति खड्बु मकवानपुर नेपाल ।

गोरखापत्र दैनिक, श्रीमतीलाई अण्डाले हान्दा ६ महिना जेल ।

**गोरखापत्र** पब्लिकेशन, २० मंसिर २०६९ ।

**घरेलु हिंसा** (कसुर सजाय) ऐन (२०६६)

थापा, नैनकला र मल्ल, सपना प्रधान (२०६५), **महिला अधिकार**, राष्ट्रिय महिला आयोग ।

देवी, गुजकी (२०६०), **स्पेसटाइम**, काठमाडौं, नेपाल ।

**न्यायका लागि आवाज** (२०६०), **केन्द्रीय महिला कानुनी सहायता समिति**, वर्ष १, अंक १ ।

नेपाल सरकार, **कानून किताव व्यवस्था समिति**, काठमाडौं, नेपाल ।

**नेपालको अन्तरिम संविधान** (२०७१), काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

भण्डारी, रेणुराज (२०५५), **नेपालमा महिला आन्दोलन इतिहास वर्तमान र चुनौति**, गोरखापत्र दैनिक ।

**स्पेसटाइम दैनिक** (२०६०), काठमाडौं ।

**राष्ट्रिय महिला आयोग** (२०६५), महिला अधिकार, काठमाडौं ।

राष्ट्रिय जनगणना, **केन्द्रीय तथ्याङ्क विभाग**, काठमाडौं (२०६८) ।

**लैङ्गिक आधारमा विभाजित तथ्यांक**, राष्ट्रिय महिला आयोग, (२०६९) ।

हुमागाई मनु (२०६८), **महिला अधिकार** एकता संघर्ष श्रमिक महिला दिवर (८ मार्च), राष्ट्रिय महिला

ANBESI (2013). *Status and Demisnionas of Voielence Against Women*.

Bennet, L. (1983). Dangerous Wives and Sacred Sister : Social and Symbolic Roles of High Case Women in Nepal. Columbia University Press.

Reality Revealed (2013) Balkumari, Lalitpur.

UNDP (2001), *Human Development Report*, Kathmandu, Nepal.

UNICEF (2006), *Situation Analysis of Women and Children.* Kathmandu : A Contry Report Nepal.